"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष ८ अंक २९, मंसिर-पौष, २०७८ www.ncbl.coop 17 November 2021- 14 January 2022

# राष्ट्रिय सहकारी बैंकको १८ औं वार्षिक साधारण सभा सम्पन्न

## सबैं नीति तथा कार्यक्रम सर्वसम्मत पारित



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको १८ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। बैंकले पहिलो पटक साधारणसभा सातवटै प्रदेशहरुमा सहकारी संघ संस्थाका प्रतिनिधिहरुको भौतिक उपस्थितिमा सुदूरपश्चिम प्रदेशबाट पुस १६ गते देखी सुरु गरेको साधारण सभा सम्पूर्ण एकाईगत प्रदेश स्तरमा सम्पन्न गरि पुस ३० गते एकाई स्तरबाट छनौट भएका प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभा काठमाडौमा सकिएसंगै १८ औं वार्षिक साधारण सभा सम्पन्न भएको हो । एकाईगत रुपमा भएको साधारण सभा अन्तर्गत पौष १६ गते सुदूरपश्चिम प्रदेशको धनगढीमा, पौष १८ गते एकाई ६ अन्तर्गत कर्णाली प्रदेशको विरेन्द्रनगर सुर्खेतमा, पौष २० गते एकाई ५ अन्तर्गत लुम्बिनी प्रदेशको शान्तिचोक तिलोत्तमा, पौष २२ गते एकाई ४ अन्तर्गत गण्डकी प्रदेशको पोखरामा त्यसैगरी पौष २४ गते एकाई ३ अन्तर्गत बागमती प्रदेशको काठमाडौंमा, पौष २६ गते एकाई २ अन्तर्गतका प्रदेश नम्बर-२, को जनकपुरधाममा, पौष २८ गते एकाई १ अन्तर्गत प्रदेश नम्बर,-१, को विराटनगर मोरङमा र पुस ३० गते साधारण सभाको एकाई बैठकको निर्णय प्रमाणित गर्ने सभा (केन्द्र) सम्पन्न भएको हो ।

*बाँकी पृष्ठ १८ मा.......*

## राष्ट्रिय सहकारी बैंकका सदस्यको खातामा १५ प्रतिशत लाभांश जम्मा




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले आर्थिक वर्ष २०७७/०७८ को कारोबारबाट शेयर सदस्य सहकारी संघ संस्थाहरुलाई १५ प्रतिशत लाभांश वितरण गरेको छ ।

बैंकको १८ औं वार्षिक साधारणसभा सकिएकै दिन पुस ३० गते बैंकले लाभांश सदस्य संघ संस्थाको खातामा पठाएको हो । साधारणसभाले १५ प्रतिशत लाभांश दिने निर्णय पारित गरे लगत्तै बैंकले खातामा रकम पठाएको अध्यक्ष के.बी. उप्रेतीले जानकारी दिनुभयो, साधारणसभा ३० गते सकियो, लाभांश पनि ३० गते नै सहकारीहरुको खातामा पठाएका छौ, उप्रेतीले भन्नु भयो ।

*बाँकी पृष्ठ २८ मा........*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**

के.बी. उप्रेती

लक्ष्मी प्रसाद उप्रेती

बद्री कुमार गुरागाई

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**

माधवलाल देवकोटा

**सदस्यहरू**

राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**

नविन कुमार कार्की

**प्रधान सम्पादक**

राम बहादुर जि.सी.

**सहयोगी**

बलराम के.सी

**ठेगाना**

राष्ट्रिय सहकारी बैंक लिमिटेड

कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर

फोन नं : ०१-५१८०१८२

फयाक्स: +९७७-०१-५५५५६८७

E-mail: publication@ncbl.coop

ncbl@ncbl.coop

Website: www.ncbl.coop

## सम्पादकीय

### वित्तीय संस्थाहरूको लगानी उत्पादनमुलक क्षेत्रमा लगानी गरौं

पछिल्लो समय बैंक तथा वित्तीय क्षेत्रमा देखिएको तरलताको समस्या विस्तारै कम हुँदै गएको छ । तरलता भनेको निक्षेपकर्ताले मागेको बखत नगद दिन सक्ने बैंक तथा सहकारीको क्षमता हो । त्यसैले बैंक तथा वित्तीय क्षेत्रमा तरलतालाई तुरुन्त लगानी योग्य पूँजीका रूपमा बुझ्ने गरिन्छ र बैंकले यस्तो क्षमतामा असर नपर्ने गरी कर्जा नीति तय गर्नुपर्छ। बैंकमा व्यक्ति तथा विभिन्न संघ/संस्था, कम्पनी, संस्थान आदिबाट संकलन हुन आएको रकम चल्ती, मुद्दती तथा निक्षेप खातामा जम्मा भएको हुन्छ र उनीहरूले मागेको समयमा ब्याजसहित रकम भुक्तानी गर्नुपर्ने दायित्व स्वयं बैंक तथा वित्तीय क्षेत्रको हुन्छ । यसरी सर्वसाधारणले बैंक तथा सहकारीमा राखेको निक्षेप, बैंकहरूले केन्द्रीय बैंकमा, सहकारी संघ/संस्थाहरुले राष्ट्रिय सहकारी बैंकमा राखेको रकम, बजारमा खरिद/बिक्री भइरहने वित्तीय उपकरण र सुन चाँदी जस्ता बहुमूल्य धातुमा अत्यधिक तरलताको गुण रहेको हुन्छ । साथै, कुनै पनि वित्तीय सम्पत्ति सजिलै खर्चयोग्य रकममा रूपान्तरण गर्न सकिने अवस्थालाई बजारको तरलता भनिन्छ र अहिले बजारमा तरलता समस्या नभई लगानीमा समस्या आएको बताइन्छ। वित्तीय क्षेत्रका सबै संस्था अहिले सुरक्षित छन् र बैंक तथा वित्तीय संस्थामा आन्तरिक समस्या छैन । त्यसैले अहिले बजारमा देखिएको तरलताको अभाव भनेको कर्जा प्रवाह गर्ने क्षमता कमजोर भएको परिणाम हो र नयाँ कर्जा दिन बैंक तथा वित्तीय संस्थाहरूमा पर्याप्त पैसा नभएको मात्र हो ।

कुनै पनि देशको अर्थतन्त्रमा तरलता, ब्याजदर र मुद्रा स्फीतिको अन्योन्याश्रित सम्बन्ध रहेको मानिन्छ र तरलता बढ्यो भने ब्याजदर घट्छ र मुद्रास्फीति बढ्छ । साथै, तरलतामा संकुचन आयो भने ब्याजदर बढ्छ र मुद्रास्फीतिमा दबाब कम हुन्छ। यस्तो अवस्थामा बैंक तथा वित्तीय संस्थाहरूको लगानी सीमा भन्दा बढी भए पनि उत्पादनशील क्षेत्रमा अपेक्षित मात्रामा लगानी बढ्न सकिरहेको छैन । छिटो र धेरै कमाइ हुने क्षेत्रमा लगानी गर्ने, घुमाएर लगानी गर्ने जस्ता प्रवृत्ति बैंकहरूमा व्याप्त छन्, अर्थात् बैंक तथा वित्तीय संस्थाहरू तत्काल लाभ प्राप्त हुने क्षेत्रमा मात्रै लगानी गरिरहेकाले यदाकदा तरलताको समस्या देखा पर्ने गरेको छ। यस्तो समस्याको दीर्घकालीन समाधानका लागि बैंक तथा वित्तीयको लगी उत्पादनमुलक क्षेत्रमा लगानी बढाउनै पर्छ। त्यस्तै हाम्रो अर्थतन्त्र विप्रेषणमा आधारित भएकाले विप्रेषणको आम्दानीबाट आएको पैसाले हामी चालू खर्च समेत धान्न सक्ने अवस्थामा छैनौं भने पूँजीगत खर्च, जुन विकासको आधार हो, त्यो हामीसँग छैन ।

# राष्ट्रिय सहकारी बैंकलाई नेडाक बैंकक तथा ग्रामीण भ्वाइस एग्रीकल्चर अवार्ड प्राप्त




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड (एनसीबीएल) ले भारतको 'किसान दिवस' को अवसरमा आयोजित एक समारोहमा 'नेडाक बैंकक तथा ग्रामीण भ्वाइस एग्रीकल्चर अवार्ड २०२१' प्राप्त गरेको छ । ग्रामिण कृषि क्षेत्रलाई समर्पित डिजिटल मिडिया प्लेटफर्मले ग्रामीण भ्वाइस एग्रीकल्चर कन्क्लेभको पहिलो वार्षिकोत्सवमा इन्डिया ह्याबिटेट सेन्टर, नयाँ दिल्लीमा २३ डिसेम्बर २०२१ मा आयोजित कार्यक्रममा भारतका केन्द्रीय कृषि एवम् किसान कल्याण मन्त्री श्री नरेन्द्र सिहं तोमरले बैंकलाई उक्त अवार्ड बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई लाई प्रदान गर्नु भएको थियो ।

नेपालको राष्ट्रिय सहकारी बैंकको रूपमा स्थापना भई ग्रामिण कृषि, सहकारीको क्षेत्रमा नवप्रवर्तन र नयाँ विचारहरूका साथ ति क्षेत्रको लागि उत्कृष्ट काम गरेको भन्दै एशिया तथा प्यासिफिक क्षेत्रका कृषि सहकारीहरुको बिकासका लागि संजाल (नेडाक) र ग्रामीण भ्वाइसको समितिले यस वर्षको पुरस्कार राष्ट्रिय सहकारी बैंक लिमिटेड नेपाललाई दिने निर्णय अनुसार उक्त अवार्ड प्रदान गरेको आयोजकले जनाएको छ ।

***"अवार्ड ग्रहण पछि बैंकका प्रमुख कार्यकारी अधिकृत (सिईयो) गुरागाईले "सहकारीको माध्यमबाट कृषि तथा ग्रामिण क्षेत्रमा स्थानिय रुपमा उपलब्ध श्रोत तथा साधनको समुदाय स्तरमा न्यायोचित वितरण गरी सदस्यहरुको जीवन स्तरमा परिवर्तन गरि गरिबी न्यूनिकरणमा सहयोग, रोजगारी सृजनामा उल्लेख्य भूमिका निर्वाह गर्दै ग्रामिण क्षेत्रमा रहेका सहकारीहरुलाई प्रविधिमैत्री सेवाको बिस्तार एवम् वित्तीय पहूँचको प्रवर्द्धन र बिस्तारमा गरेको योगदानलाई कदर गरि अवार्ड प्रदान गरेको भन्दै खुसी व्यक्त गर्नु भयो "।***

कार्यक्रममा दिल्लीका मन्त्रीहरू, प्रतिष्ठित सरकारी कार्यालयका कर्मचारीहरू, शिक्षाविद्हरू र नीति विशेषज्ञहरू प्यानलको रूपमा सहभागि भएका थिए, भने केन्द्रीय मन्त्रीहरू, भारतको नीति आयोगका सदस्य प्रा.रमेश चन्द, नवगठित मन्त्रालयका सचिव, सरकारका अन्य उच्च अधिकारीहरू लगायतको उपस्थिति रहेको थियो ।

राष्ट्रिय सहकारी विकास निगम, मदर डेरी, राष्ट्रिय डेरी अन्तर्गतको उद्यम विकास बोर्ड र एशिया तथा प्यासिफिक क्षेत्रका कृषि सहकारीहरुको बिकासका लागि संजाल (नेडाक) को सहकार्यमा भएको कार्यक्रममा भारतका विभिन्न स्थानबाट कृषि तथा उद्यम क्षेत्रमा काम गर्ने कृषि वैज्ञानिकहरु, कृषकहरु, सहकारीकर्मीहरु सहित एक सय जना भन्दा बढीको सहभागिता रहेको थियो ।

तीन सत्रमा भएको कार्यक्रममा एशिया तथा प्यासिफिक क्षेत्रका कृषि सहकारीहरुको बिकासका लागि संजाल (नेडाक) र ग्रामीण भ्वाइसको समितिले सम्बन्धित क्षेत्रमा योगदान पुऱ्याएका विभिन्न संस्था तथा व्यक्तिलाई पुरस्कार प्रदान गरेको थियो ।

# वित्तीय संकट र सहकारी अभियानले खेल्नु पर्ने भूमिका

*सबै सहकारीका पैसा सिधै वा संघमार्फत राष्ट्रिय सहकारी बैंकमा राख्नु आवश्यक छ । व्याजदरको लोभले धेरै संस्थाहरुले अन्य बैंकहरुमा पैसा राख्ने तर ती बैंकहरुले यस्तो समयमा बचत फिर्ता गर्न नसक्ने अवस्था देखिएको छ । **अभियानको पैसा अभियानमा** राख्न सकेमा पक्कै पनि तरलता संकटको समयमा हामी आफै समस्या समाधान गर्न सक्षम हुन्छौ भन्ने कुरामा दुई मत नहोला ।*



केशव प्रसाद पोखेल

## क. वित्तीय संकटका कारणहरुः

### १. कोरोना महामारी र वित्तीय क्षेत्रमा प्रभावः

खास गरी बिगत २ वर्षदेखि कोभिड १९ का कारण संसार प्रभावित हुँदै आएको छ । मध्य चीनको बुहान शहरमा सन २०१९ को डिसेम्बरबाट देखा परेको यो भाईरस सन् २०२० को मार्चबाट विश्वभर फैलियो । विश्व स्वास्थ्य संगठनले सार्वजनिक स्वास्थ्यको आपतकाल घोषणा गऱ्यो । संक्रमित व्यक्तिको हांछ्युं, ऱ्याल र स्पर्शबाट सर्ने भएकोले अधिकांश देशहरुले देशमा बन्दाबन्दीको घोषणा गरे । नेपालमा पनि गत २०७६ चैत्र ११ र २०७८ बैशाख १८ बाट बन्दाबन्दीको अवस्था घोषणा गरीयो । कोराना भाईरसको संक्रमण र बन्दाबन्दीका कारण संसार ठप्प प्रायः भयो । व्यापार व्यावसाय, अन्तर्राष्ट्रिय व्यापार बन्दका कारण आपूर्ति श्रृङखलामा अवरोध भयो । ठूला व्यापारीक कम्पनीहरु बन्द प्रायः भए उत्पादन र विश्व आपूर्ति पक्ष कमजोर हुन पुग्यो । उद्योग, कलकारखाना, यातायात, पर्यटन ब्यावसाय सबै ठप्पका कारण उत्पादनमा कमी र उपभोगमा गिरावट हुँदै गयो विश्व आर्थिकमन्दी तिर उन्मुख हुन पुग्यो । कोभिडको कारण मात्र होइन अनेक कारणहरुबाट हाल वित्तीय बजारले यस संकटको सामना गर्नु परिरहेछ ।

### २. वित्तीय संकटका अन्य संभावित कारणहरुः

क) बढ्दो आयात व्यापार तथा विलासिताका बस्तु आयातमा वृद्धि ।
ख) विकासमा खर्च गर्न नसक्नु अर्थात पूँजीगत खर्चमा कमी
ग) निक्षेपको अनुपातमा ऋण लगानी अनुपात ९० प्रतिशत भन्दा बढि हुनु
घ) व्यवस्थापकिय खर्च बढ्दै जानु ।
ङ) अनुत्पादित क्षेत्रमा बढि ऋण लगानी हुनु ।
च) बेरोजगारीमा वृद्धि ।
छ) ठूला बचतकर्ताले नोट बैकिंङ्ग क्षेत्रमा नल्याउनु ।
ज) हुन्डीको व्यापार कायमै रहनु ।
झ) बन्दाबन्दी पछि पेशा व्यवसाय सक्रिय हुनु र बचत अत्यधिक फिर्ता हुनु ।

### ३. बन्दाबन्दीले सहकारी क्षेत्रमा परेको प्रभावः

कोभिड १९ कारण उत्पन्न स्वास्थ्य संकट र बन्दाबन्दीको बाध्यात्मक अवस्थामा सहकारी क्षेत्रको व्यवसायमा निम्न प्रभावहरु देखापऱ्यो ।

क) कारोबार निष्क्रिय र शुन्य अवस्था ।
ख) व्यापार व्यवसाय बन्दका कारण निष्क्रिय पूँजी भित्रिनाले वचतमा बृद्धि ।
ग) ऋण लगानीमा कमी ।
घ) ऋण असुलीको सम्भावनामा कमी ।

ङ) शेयर पूँजी बृद्धिमा रोकावट ।
च) तरलतामा बृद्धि ।
छ) भाखा नाघेको ऋणमा बृद्धि ।
ज) खर्चहरुमा वृद्धि ।
झ) आम्दानी दरमा कमि ।
ञ) मुनाफामा कमि ।
ट) विप्रेषण प्रवाह दर घट्दो ।
ठ) आम्दानीका श्रोतहरुमा कमि ।
ड) व्याजदरमा गिरावट ।

## ख) कोभिड १९ र आर्थिकमन्दी

### १) के हो आर्थिकमन्दी ?

जब कुनैपनि देशको अर्थव्यस्थामा रोकावट हुन्छ र अर्थव्यवस्थाको बिकासदर (GDP) मा लगातार गिरावट हुन्छ । जब मानिसको क्रयशक्ति कमजोर भई बस्तुको मागमा कमी हुन्छ र मूल्यमा बृद्धि हुन थाल्छ । मूल्यमा बृद्धिका कारण मागमा कमी हुन थाल्छ । जब बस्तुको मागमा कमी हुन्छ र बिक्रिमा गिरावट हुन्छ तब बस्तु तथा सेवाको उत्पादनमा कमी हुन्छ । जब बस्तु तथा सेवाको उत्पादनमा कमी हुन्छ र श्रम कटौती हुन्छ तब बेरोजगारी बृद्धि हुन्छ। यो अवस्थानै आर्थिक मन्दी हो । अर्थात व्यापार, रोजगार र उपभोगको स्तरमा आउने सुस्तता नै आर्थिकमन्दी हो ।

### २) आर्थिकमन्दी र सम्भावित मुख्य वित्तीय संकटहरु :

२.१) नोट तथा टकको संकट
२.२) बचतमा संकट
२.३) विप्रेषणमा संकट
२.४) ऋणमा संकट
२.५) तरलता संकट

### ३) आर्थिक मन्दीले सहकारीमा पार्ने असरः

| | |
|---|---|
| क) शेयर पूँजी बृद्धिदरमा कमी | ञ) ऋण लगानी अनुपातमा बृद्धि |
| ख) सदस्यको बचत गर्ने क्षमतामा कमी | ट) बिप्रेषणमा कमी |
| ग) बचत प्राप्तीमा कमी | ठ) आम्दानी दरमा गिरावट |
| घ) बचत फिर्तामा बृद्धि | ड) सञ्चालन खर्चमा बृद्धि |
| ङ) ऋण लगानीमा बृद्धि | ढ) बचतको व्याजदरमा बृद्धि |
| च) ऋण असुली दरमा कमी | ण) फरकता दरमा कमी |
| छ) भाखा नाघेको ऋणमा बृद्धि | त) मुनाफा दरमा कमी |
| ज) संस्थाको फिर्ता गर्न सक्ने क्षमता अथवा तरलतामा गिरावट | थ) कूल सम्पति बृद्धिदरमा कमी |
| झ) वित्तीय लगानी क्षमतामा ह्रास | |

## ४) संस्थामा वित्तीय आपूर्ति र मागको श्रृङ्खलामा रोकावटको असरः

संस्थामा वित्तीय आपूर्ति र मागको श्रृङ्खला यस्तो रहेको हुन्छ ।

| आपूर्ती | | माग |
|---|---|---|
| - शेयर पूँजी प्राप्त<br>- संस्थागत पूँजी<br>- कोष प्राप्त<br>- वचत/निक्षेप प्राप्त<br>- वाह्य ऋण प्राप्त<br>- ऋण असुली<br>- चालु सम्पत्ति प्राप्त<br>- आम्दानी<br>- मुनाफा<br>- तरलता | | - शेयर फिर्ता<br>- स्थिर सम्पत्ति खरिद<br>- कोष खर्च<br>- वचत फिर्ता<br>- वाह्य ऋण फिर्ता<br>- ऋण लगानी<br>- चालु दायित्व फिर्ता<br>- खर्च<br>- वितरण<br>- बचत फिर्ता |

तरलता भनेको वित्तीय संघ संस्थाको नगदमा परिवर्तन गर्ने क्षमता हो ।

सजिलै नगदमा परिवर्तन गर्न सकिने त्यस्तो सम्पत्ति जुन वचत फिर्ताको लागि सवै भन्दा बढि महत्व राख्दछ । वित्तीय लगानी, ऋण लगानी, स्थिर सम्पत्ति र सञ्चालन खर्च गरी बाँकी रहेको त्यो रकम जुन वचत फिर्ताका लागि तयारी अवस्थामा राखिन्छ । वित्तीय लगानी, ऋण लगानी र स्थिर सम्पत्तिमा संस्थाको नियन्त्रण हुन सकेता पनि वचत फिर्तामा संस्थाको नियन्त्रण हुन नसक्ने भएकोले तरलताको व्यवस्था गर्नु आवश्यक छ । **तर आर्थिकमन्दीको समयमा तरलतामा ऋण लगानी तथा बचत फिर्ताको चाप पर्न जान्छ । जसले गर्दा तरलता कमजोर हुन थाल्छ ।**

शेयर पूँजी फिर्ता
वचत/निक्षेप फिर्ता
वाह्य ऋण फिर्ता
ऋण लगानी
अन्य चालु दायित्व फिर्ता
खर्च भुक्तानी

→ **तरलता**

## ग) वित्तीय संकट र आन्तरिक वित्तीय व्यवस्थापनको रणनीति :

### १) पर्ल्स अनुसार वित्तीय व्यवस्थापनमा ध्यान दिने :

**दायित्व र सम्पत्तिको सम्बन्ध :**

| | |
|---|---|
| क.शेयर पूँजी (१२%) | तरल लगानी (१२%) |
| ख.संस्थागत पूँजी (कम्तिमा १०%) | नकमाउने सम्पत्ति (५%) |
| ग.वचत/निक्षेप (७५%) | शुद्ध ऋण लगानी (७५%) |
| घ. वाह्य ऋण (५%) | ऋण लगानी (८०%) |

ङ.लागत सहित कोष(८५%) कमाउने सम्पत्ती (९५%)
च.लागत रहित कोष (१५%) नकमाउने सम्पत्ति (५%)
च.नकमाउने सम्पत्तीको अनुपातमा लागतरहित कोष २००%

### २) दिर्घकालिन दायित्व र चालु दायित्व अनुपातको मिलान गर्ने :

दिर्घकालिन दायित्व भन्नाले एक आर्थिक वर्ष पछि फिर्ता गर्नु पर्ने रकम र चालु दायित्व भन्नाले एक आर्थिक वर्ष भित्र फिर्ता गर्नु पर्ने रकम भन्ने बुझिन्छ।दिर्घकालिन दायित्व अन्तर्गत शेयर पूँजी, संस्थागत पूँजी, नियमित बचत, १२ महिना भन्दा बढी समयमा फिर्ता हुने आवधिक तथा अन्य बचत र १२ महिना पछि बुझाउने बाह्य ऋण पर्दछन।जुन कूल सम्पत्तीको अनुपातमा ६० प्रतिशत हुनु आवश्यक छ। जुन संस्थाको दिर्घकालिन दायित्व ५० प्रतिशत भन्दा बढि र ६० प्रतिशतसम्म छ भने त्यो संस्थालाई तरलतामा खास समस्या पर्दैन।चालु दायित्व अन्तर्गत खर्च हुने कोषहरु, अल्पकालिन बाह्य ऋण, ऐच्छिक तथा अन्य बचत, चालु आ.व. भित्र फिर्ता गर्नु पर्ने आवधिक बचत, अन्य चालु दायित्व/भुक्तानी दिनुपर्ने र अन्य दिर्घकालिन दायित्व पर्दछन्। जुन कूल सम्पत्तीको अनुपातमा ४० प्रतिशत हुनु आवश्यक छ। जुन संस्थाले यस अनुपातलाई मिलाएको छ त्यस संस्थालाई कुनै परिस्थितिमा पनि तरलता संकट पर्दैन।

### ३) दिर्घकालिन सम्पत्ती र चालु सम्पत्ती अनुपातको मिलान गर्नेः

चालु आ.व. भन्दा बढि समयमा प्राप्त हुने रकम दिर्घकालिन सम्पत्ती हो भने चालु आ.व भित्र प्राप्त हुने रकम चालु सम्पत्ती हो। दिर्घकालिन सम्पत्ती अन्तर्गत आर्थिक लगानी (शेयर खरिद, सहकारी बैंक/संघहरुमा राखेको नियमित बचत एक आ.व. भन्दा वढि समयको मुद्धति), १२ महिना भन्दा बढि समयमा असुल हुने ऋण र स्थिर सम्पत्ति तथा अन्य सम्पत्ति पर्दछन्। जुन कूल सम्पत्तीको अनुपातमा ६० प्रतिशत हुनु आवश्यक छ।

चालु सम्पत्ती अन्तर्गत नगद वा सो सरह, तरल लगानी (बैंक बचत/निक्षेप/कल डिपोजिट खाता, बैंक/संघहरुमा भएको ऐच्छिक बचत अल्पकालिन मुद्धति एक आ.व भित्र फिर्ताहुने), चालु आ.व भित्र असुल हुने ऋण र अन्य चालु सम्पत्ति/पाउनुपर्ने हिसाब जुन कूल सम्पत्तीको अनुपातमा ४० प्रतिशत हुनु आवश्यक छ।

### ४. चालु दायित्व र चालु सम्पत्तीको सम्बन्ध स्थापित गर्ने :

चालु दायित्वको अनुपातमा चालु सम्पत्ती १०० प्रतिशत भन्दा बढि हुनु पर्दछ। अर्थात फिर्ता गर्नु पर्ने रकम प्राप्त गर्नु पर्ने रकम भन्दा कम भएमा तरलतामा समस्या आउदैन। चालु दायित्व र चालु सम्पत्तीको अनुपात १:२ भयो भने सब भन्दा राम्रो मानिन्छ यस्तो अवस्थामा आर्थिक मन्दीको ठूलो प्रभाव पर्दैन र तरलतामा समस्या पर्दैन।

### ५. वित्तीय सूचाङ्कहरुको स्तर व्यवस्थापन गर्ने :

क) शेयर तथा बचतको व्यवस्थापन :

सानो परिमाणका शेयरपूँजी थप गर्न सदस्यहरुलाई आग्रह गरी शेयर सदस्यको सहभागिता स्तर अनुपातमा शेयरपूँजी बराबरको रकम नपुग्ने कम्तिमा ५०% सदस्यबाट शेयर संकलन गर्ने। प्रत्येक सदस्यहरुलाई नियमित बचतको दायरामा ल्याउने। एक आ.व. भन्दा बढीका आवधिक बचत स्वीकार गर्ने। शेयर पूँजी, संस्थागत पूँजी, नियमित बचत र एक वर्ष भन्दा बढीका आवधिक बचत जुन दिर्घकालिन दायित्व हुन कूल सम्पतिको६० प्रतिशत कायम गर्ने। कूल सम्पतिको कम्तीमा २५% अथवा कूल बचतको ३५% नियमित बचत पुऱ्याउने। आकस्मिक बचत योजनाहरु ल्याउने। अन्य नयाँ प्रकृतिका बस्तु तथा सेवाका स्कीम सहित बिकास गर्ने।

ख) तरलता व्यस्थापन :

वित्तीय संकटको समयमा कूल सम्पतिको २५% वा कूल बचतको ३०%तरलता कायम गरी राख्ने । बचत फिर्ताको समय सिमा बचत अनुपातका आधारमा प्रतिशतमा कायम गर्ने ।

विभिन्न बैंकमा रहेको तरलता रकममा सन्तुलन कायम गर्ने । माग र पूर्तिको अवस्था पहिचान गर्न दैनिकरुपमा नगद प्रवाह विश्लेषण गर्ने । दैनिक रुपमा तरलता विश्लेषण गरी पूर्व तयारीमा वस्ने ।

ग) नगदमा नियन्त्रण :

वचत फिर्ताको समय सीमा अनुपात तोक्ने, कूल सम्पतिको ७०% भन्दा बढी ऋण लगानी नगर्ने, एक सदस्यलाई संस्थाको लगानी गर्ने क्षमताका आधारमा प्राथमिक पूँजी कोषको १०% भन्दा कम लगानी गर्ने । पूर्वाधार निर्माण तथा भौतिक सम्पती खरीद गर्ने कुरालाई स्थगित गर्ने अर्थात् पूँजीगत खर्च कम गर्ने, नियमित र आन्तरिक कार्यक्रमहरु कम राख्ने, सञ्चालन खर्चमा नियन्त्रण गर्ने (कर्मचारी भर्ना प्रकृया अत्यावश्यक बाहेक घटाउने वा स्थगित गर्ने, कार्यक्रम खर्चहरु घटाउने, बजारीकरण तथा सुशासन खर्चमा नियन्त्रण गर्ने र हरेक क्रियाकलापमा मितव्ययिता अपनाउने । ह्रास खर्च बराबर मात्र पुँजी गत खर्च अर्थात सम्पत्ती खरिद गर्ने ।

घ) ऋण लगानी, व्याज तथा व्याजदर :
शिघ्र उत्पादन, व्यापार व्यवसाय तथा कृषि क्षेत्रको लगानीलाई प्राथमिकता दिने, ऋणका किस्ता तालिकामा पुनरावलोकन गर्ने, ऋण असुलीका लागि सदस्यहरुसंग निरन्तर सम्पर्क र समन्वय गर्ने, व्याज तथा व्याजदर र हर्जना मिनाहा जस्ता लाभका कार्यक्रमहरु तय गर्ने पुराना भाखा नाघेका ऋण असुलीको लागि विशेष योजना ल्याउने, बचतको व्याजदर बढाउने, फरकता दरमा न्यून अन्तर कायम गर्ने र ऋणको व्याजदर सकेसम्म घटाउने नभएमा यथावत कायम गर्ने । ऋणको व्याजदर समयावधि अनुसार लगाउने र बचतको व्याजदर मौज्दात अनुसार लगाउने ।

**६) अन्य व्यवस्थापनः**
सदस्यता बृद्धिलाई ध्यान दिने तर सदस्य बनेको ६ महिना पछि मात्र ऋण लगानी गर्ने, महामारी बीमा, ऋण बीमा तथा ऋणको बीमा कार्यक्रमहरु सञ्चालन गर्ने । संस्था एकीकरणमा जोड दिने ।

**७) सहकारी क्षेत्रको सामुहिक प्रयासको थालनी :**

सहकारी क्षेत्रले सामुहिक प्रतिबद्धताका साथ सदस्यको पैसा संस्थामा संस्थाको पैसा अभियानमा राख्नु पर्छ । सहकारी संस्थाहरुको तरलता जिल्ला संघ, बचत संघ, केन्द्रीय संघ तथा राष्ट्रिय सहकारी बैंकमा राख्नु आवश्यक छ । सबै सहकारीका पैसा सिधै वा संघमार्फत राष्ट्रिय सहकारी बैंकमा राख्नु आवश्यक छ । व्याजदरको लोभले धेरै संस्थाहरुले अन्य बैंकहरुमा पैसा राख्ने तर ती बैंकहरुले यस्तो समयमा बचत फिर्ता गर्न नसक्ने अवस्था देखिएको छ । **अभियानको पैसा अभियानमा** राख्न सकेमा पक्कै पनि तरलता संकटको समयमा हामी आफै समस्या समाधान गर्न सक्षम हुन्छौ भन्ने कुरामा दुई मत नहोला ।

**८) अन्तरसहकारी कारोबारमा नियन्त्रणः**

एउटा सहकारीले अर्को सहकारीमा अन्तर सहकारीको नाममा खाता खोलेको पाइएको छ । एउटा प्रारम्भिक संस्थाले अर्को प्रारम्भिक संस्थामा खाता खोल्न कानुनले बर्जित गरेको छ । अर्को कुरा रकम जम्मा गरेको संस्थामा बित्तीय संकट पैदा भएमा स्वतः रकम राख्ने संस्थामा संकट पैदा हुन्छ । त्यसैले संस्थाहरुले समयमा अभियानमा नै रकम राख्नुपर्छ नत्र संस्थाहरु जोखिममा पर्दछन ।

संस्थामा तरलता व्यवस्थापन गर्दा पर्ल्स व्यवस्थापनले मात्र पुग्दैन । जसले सामान्य अवस्थामा अथवा अन्य कुरा यथावत रहेमा मात्र व्यवस्थापन गर्न सक्छ । त्यसैले संस्थामा चालु अनुपातको संरचना समयमा नै मिलाउन सकेमा अथवा दिर्घकालिन दायित्व र दिर्घकालिन सम्पत्तीको अनुपात मिलाउन सकेमा संस्थामा तरलतामा संकट हुन पाउदैंन । कूल सम्पत्तीको अनुपातमा बचत ७५ प्रतिशत त होला तर त्यस्तो बचत जहिले पनि फिर्ता गर्ने प्रकृतिको मात्र भएमा संकटको समयमा सबै बचत फिर्ता हुने प्रवल सम्भावना रहन्छ । त्यस बेला संस्थामा वित्तीय संकट पैदा हुन्छ । संस्थामा वित्तीय संरचना निमार्ण गर्न त्यसै बमोजिम बस्तु तथा सेवाको विकास गर्नु पर्दछ । समयमै होशियारी अपनाउन सकेमा पक्कै पनि यस्ता जोखिमबाट बच्न सकिन्छ ।

# बैंकको घरेलु तथा साना उद्योग विकास उपसमितिका संयोजक तथा सदस्यहरुलाई स्वागत तथा मनोनयन पत्र हस्तान्तरण

ललितपुर । राष्टिय सहकारी बैंक लिमिटेडको घरेलु तथा साना उद्योग विकास उपसमितिको संयोजक तथा सदस्यहरुलाई स्वागत तथा मनोनयन पत्र हस्तान्तरण गरिएको छ ।



सहकारी मार्फत घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन र विकासमा योगदान गर्नको लागि बैंकको संचालक समितिले घरेलु तथा साना उद्योग विकास उपसमिति गठन गरे बमोजिम उप-समितिका संयोजक एवम् सदस्यहरुलाई मंसिर २२ गते बैंकको केन्द्रीय कार्यालय कुपण्डोलमा एक कार्यक्रमको आयोजना गरी स्वागत तथा मनोनयन पत्र हस्तान्तरण गरिएको हो । उक्त कार्यक्रममा उपसमितिको कार्य दिशा तय गर्ने सम्बन्धमा समेत छलफल भएको थियो ।

बैंकका संचालक एवम् उपसमितिका संयोजक ज्ञान बहादुर तमाङ्गको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका सदस्य एवम् घरेलु तथा साना उद्योग विकास समितिका सभापति डि.बि. बस्नेत, बैंकका संचालकहरु राम हरि बजगाई, पार्वती थापा मगर, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई, उपसमितिका सदस्यहरु तथा सदस्य सचिव मधु रायमाझी लगायतको उपस्थिती रहेको थियो ।

## संस्था परिचय

# बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## परिचय



बिन्धवासिनी बचत तथा ऋण सहकारी संस्था लि. २०५० साल कार्तिक २९ गतेका दिन ५५ जना संस्थापक सदस्यहरु सहित ५६ जना महिला र ६६ जना पुरुष गरी जम्मा १२२ जना सदस्यहरुबाट काठमाण्डौबाट करीव ३८ कि.मि. दक्षिणपूर्व अवस्थित काभ्रेपलाञ्चोक जिल्लाको तात्कालीन खोपासी गा.वि.स.(हाल पनौती न.पा. वडा नं. १०) खोपासीमा पिछाडिएका विपन्न, जनजाति, दलित वर्ग एवं ग्रामिण क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुलाई सरल, सुलभ तरिकाबाट वित्तीय सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएको हो । डिभिजन सहकारी कार्यालय धुलिखेल काभ्रेमा मिति २०५० साल फाल्गुण ६ गते द.नं.११०/०५०/०५१ मा तत्कालीन खोपासी र चलालगणेशस्थान गरी २ वटा गा.वि.स. कार्य क्षेत्र लिई दर्ता भएको स्थापित यस संस्था नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कुन) काठमाण्डौको स.नं. १०७, मिति २०५१।९।५ मा आवद्ध भई ग्रामिण क्षेत्रमा सहकारीको माध्यमबाट बैकिङ्ग सेवा प्रदान गर्ने उद्देश्यले नेपाल राष्ट्र बैकबाट मिति २०५२ आषाढ ७ गते सिमित बैकिङ्ग कारोबार गर्न स्विकृत प्राप्त गरी २०५२ कार्तिक ६ गते लक्ष्मी पूजाको शुभ अवसरमा तत्कालीन नेपाल राष्ट्र बैकका गभर्नर श्री सत्येन्द्रप्यारा श्रेष्ठज्युबाट सिमित बैकिङ्ग कारोबारको शुभारम्भ गर्नु भएको हो ।संस्थाको लोकप्रियता, जनचाहना र सेवा विस्तार गर्ने लक्ष्य अनुरुपमा डिभिजन सहकारी कार्यालय र नेपाल राष्ट्र बैकबाट स्विकृत प्राप्त गरी कार्यक्षेत्र काभ्रे जिल्ला भर जिल्ला भरि नै सेवा विस्तार गर्दै आएकोछ । साथै २०५२ चैत्र १७ मा सम्पन्न साधारण सभबाट प्रदत्त अधिकार प्रयोग गरी संस्थाले समूह संचालन निर्देशिका २०५३ तयार गरी प्रत्येक सदस्यलाई १० देखि २५ जनासम्मको सदस्यहरु सम्मिलित समुहमा आवद्ध गराई समुहगत अवधारणाबाट समुदायमा समूहको सक्रिय सहभगितामा संचालित वित्तीय सहकारी संस्था हो । सदस्यहरुको आर्थिक उत्थान, नेतृत्व विकास, सीपमूलक, आयमूलक कार्यक्रम आगाडि बढाउने उद्देश्यले RMDC, CMF, नेशनल लाईफ इन्स्योरेन्स कंम्पनी, स्थानीय गाउँपालिका, नगरपालिका, नेपाल बनेपा बहुप्राविधिक महाविद्यालय (सिटिईभिटी), फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैक लि. आदि संघ संस्थाहरुसंग साझेदारी सम्बन्ध कायम गरी लघु वित्त कार्यक्रम (महिला विकास), लघु जीवन विमा कार्यक्रम, अवलोकन अध्ययन भ्रमण, विभिन्न आयमुलक, सीपमूलक, स्वास्थ्य, नेतृत्व विकास, प्राविधिक (सिलाई कटाई, ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता) आदि तालिम कार्यक्रम संचालन गर्दै आएको छ ।

## संगठन स्वरुप

कार्य क्षेत्र : **काभ्रेपलाञ्चोक र काठमाण्डौ जिल्ला**
सेवा कार्यालय संख्या : ७
सेवा केन्द्र : ७
कर्पोरेट कार्यालय : १
कर्मचारी संख्या : ९६ जना
समिति उप समिति पदाधिकारी संख्या : ८८ जना

परिकल्पना : **समृद्ध सदस्य सुरक्षित दिगो साकोस**
ध्येय : **नीति विधिको पूर्ण अंगिकार गरी नविनतम प्रविधियुक्त प्रतिस्पर्धी सेवा मार्फत सदस्यको क्षमता अभिबृद्धि गरी गुणस्तरीय जीवनयापनलाई सहज बनाउने**

लक्ष्य :**स्थानीय क्षेत्रमा आर्थिक तथा समाजिक विकास गरी गरीवी न्यूनिकरण गर्ने ।**

संस्थाले निम्न कार्यहरु गर्दै आएकाछन् :

### १. बचत संकलन :

संस्थाले सदस्यहरुको आर्थिक स्तर, पेशा, संस्कृति, उमेर, अनुसार बच्चा देखि बृद्ध सम्म र विपन्न देखि सम्पन्न सम्मलाई समेट्ने गरी १९ प्रकारका बचत कार्यक्रम ४.५ देखि ११% सम्म व्याजदरमा संकलन गर्दै आएकोछ ।

### २. ऋण लगानी तथा असूली कार्यक्रम :

संस्थाले संकलित विभिन्न बचत रकम सदस्यहरुको स्वरोजगार सृजनाका लागि ऋणको रुपमा परिचालन गरी सदस्यहरुको आर्थिक विकासमा सहयोग पुचााउने उदेश्य विभिन्न शीर्षकमा ऋण लगानी गर्दै आई रहेको छ । उद्देश्य अनुसारको ऋण लगानी र सोही अनुसार ऋणीले ऋणको उपयोग गर्ने वातावरण बनाउने मूख्य उद्देश्यले सदस्यहरुको आवश्यक्ता, संचालन गर्ने व्यावसाय, आर्थिक अवस्था, सीप, पेशा आदिको आधारमा संस्थाले २२ प्रकारका ऋणहरु लगानी गर्दै आई रहेकोछ जसमा ९-१४.७५% सम्म व्याजदर कायम गरिएकोछ ।

### ३. आपत विपतमा राहत कार्यक्रम :

संस्थाले २०५८ साल देखि सदस्यहरु विरामी हुदा स्वास्थोपचार, मृत्यु, परिवारको मृत्यु हुदा र दैवी प्रकोप आपत विपत पर्दा निम्न राहत सुविधा उपलब्ध गराउदै आएकोछ ।

**क) दैवि प्रकोप राहत :** प्राकृतिक दैवि प्रकोप राहत सुविधा विशेष परिस्थितिमा बाहेक नियमित बचत रकम बराबर वा अधिकत्तम रु. ५,०००।- मा नबढाई राहत रकम उपलब्ध गराउने व्यवस्था गरेको छ ।

**ख) पारिवारिक राहत :**

पारिवारिक राहत सुविधा सदस्यको परिवारको व्यक्तिको मृत्यु भएमा नियमित बचत रकम बराबर वा अधिकत्तम रु. ५,०००।- मा नबढाई ३ पटक सम्म पारिवारिक राहत रकम उपलब्ध गराईने छ ।

**ग)** सदस्यको मृत्यु भएमा नियमित बचत रकमको २ गुणा वा रु. २०,०००।- मा नबढाई सदस्यको आश्रित परिवारलाई राहत रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

**घ) स्वस्थोपचार राहत :**

सदस्य विरामी भई उपचारको क्रममा अस्पताल भर्ना भई उपचार गरेको अवस्थामा नियमित बचतको २ गुणा, लागेको खर्च वा बढिमा रु. १०,०००।- जुन कम हुन्छ २ पटक सम्म स्वास्थ्योपचार राहत उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

**ङ) नवजात शिशु सेवा तथा सुत्केरी राहत :**

सदस्यको बच्चा जन्मिएमा रु. ५००।- सम्म नवजात शिशु तथा सुत्केरी राहत २ पटक सम्म प्रदान गर्ने व्यवस्था गरिएकोछ । यस कार्यक्रम अन्तर्गत सदस्यले निःशुल्क रु. ६१,०००। सम्म राहत सुविधा प्राप्त गर्ने व्यवस्था गरिएकोछ ।

**च) विन्ध्यवासिनी विशेष उपचार सुविधा** : संस्थाले सदस्यहरुलाई मुटु, मगौला, क्यान्सर, ब्रेन सम्बन्धी रोग लागेको अवस्थामा रु. २० हजार रुपैयाँ सहयोग प्रदान

गरी सहयोगको प्रारम्भ गर्नुका साथै विभिन्न निकायसंग समन्वय गरी आवश्यक सहयोग गर्ने गरी बिन्ध्यवासिनी विशेष उपचार सुविधा प्रदान गर्दै आएकोछ ।

## ४. लघु अमृत जीवन बीमा कार्यक्रम :

नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी र सिटिजन लाईफ इन्स्योरेन्स कम्पनीसंगको साझेदारीमा संचालित लघु अमृत बीमा कार्यक्रममा सहभागी सदस्यको रु. २०,००,०००।-सम्म रु. ४।८० प्रति हजार बीमा शुल्कमा लघुविमा सेवाको व्यवस्था गरिएको छ ।

बीमा अवधिमा निधन भएमा बीमाङ्क रकम बराबर र दुर्घट्ना भएर निधन भएमा दोब्बर भुक्तानी प्राप्त हुने साथै निधन भएको अवस्थामा दाहसंस्कार खर्च बापत बीमाङ्क रकमको १०% वा बढिमा रु.२५०००।- भुक्तानी हुने व्यवस्था ।

## ५. पशु तथा बाली विमा :

संस्थाले विभिन्न विमा कम्पनीको साझेदारमा पशुपालन र व्यवासयिक कृषि व्यवसाय गर्ने सदस्यहरुले ऋण कारोबार गर्ने सदस्यहरुको पशु र बाली बीमा गरी जोखिम न्यूनीकरण गर्न कार्यक्रम गर्दै आएकोछ । जस अन्तर्गत बीमाङ्क रकमको ५% मध्ये ७५% नेपाल सरकारको अनुदान र ऋणी सदस्यले २५% मात्र व्यहोर्ने व्यवस्था गरिएकोछ ।

## ६. लघुवित्त कार्यक्रम :



सस्थाको सेवा सर्व सुलभ रुपमा पिछाडिएको वर्ग जनजाति, विपन्न समूदयका महिला वर्गहरुलाई अझ बढि आवश्यकता हुने महसुस गरी त्यस्ता समूदायको आर्थिक र सामाजिक रुपान्तरणको लागि क्रियाशिल हुन नियमावली २०५८ तयार अनुसार संस्थाले लघुवित्त कार्यक्रम (महिला विकास) संचालन गरिएको छ ।

यस कार्यक्रम अन्तर्गत हाल सम्म ९०० समुहका १७,३१३ जना शेयर सदस्यबाट शेयर पूँजी १३ करोड २२ लाख, बचत रकम ६७ करोड ३६ लाख, ऋण लगानीमा रहेको रकम रु.३० करोड २६ लाख ३४ हजार रुपैया लगानीमा रहेकोछ । यस कार्यक्रम अन्तर्गत लगानी गरिएका ऋणको साँवा व्याज सत्प्रतिशत असुली भईरहेको संस्थाको रेकर्ड देखिन्छ । जसबाट महिलाहरुमा जाँगर, सीप मात्र होइन महिलाहरु आर्थिक क्रियाकलापमा पनि अति इमान्दारी रहेको पुष्टि भएकोछ ।

## ७. विप्रेषण (रेमिट्यान्स) कारोबार :

संस्थाले वैदेशिक रोजगारको बैदेशिक रोजगार ऋण प्रदान गर्दै आई रहेको परिप्रेक्ष्यमा विदेशबाट रेमिट्यान्स मार्फत पठाएको रकम निजहरुको घरदैलोमा नै पुचाउने उद्देश्यले Western Union को Hulas Remittance Pvt., I.M.E., Sewa Money Transfer, City Express, Himal आदिसंग संझौता गरी संस्थाको विभिन्न कार्यालय मार्फत विप्रेषण (रेमिटेन्स) सेवा प्रदान गर्दै आएको छ ।

## ८. युवा सशक्तिकरण तथा विकास कार्यक्रम :

संस्थाले कार्यक्षेत्र भित्रका युवा वर्गलाई सहकारी सेवा प्रदान गर्ने उद्देश्यले युवा सशक्तिकरण तथा विकास कार्यक्रम २०६५ तर्जुमा गरी कार्यान्वयन गरिएको छ । जस अन्तर्गत विदेशिने युवा वर्गलाई विना धितो प्रति सदस्य रु. ५० हजार र सामुहिक रु. २ लाख सम्म विना धितो युवा लघु उद्यम ऋण प्रवाह गरी स्वदेश मै स्वरोजगार बनाउन संस्थाले कार्यक्रम अगाडि बढाएकोछ ।

## ९. तालिम तथा गोष्ठी :

संस्थाले सदस्यहरुलाई सहकारीको मध्यमबाट बढि भन्दा बढि सेवा उपभोग गर्न सकियोस भन्ने हेतुले विभिन्न आय मुलक, सीप मुलक, नेतृत्व विकास, चेतनामूलक, तथा स्वास्थ्य सम्बन्धि तालिम संचालन

गर्दै आएको छ भने सदस्यहरुलाई सहकारी तथा संस्थाको सेवा, परिवर्तित नीति नियम तथा कार्यक्रम सम्बन्धि जानकारी गराउन र संस्था संचालनमा तिनीहरुको अमूल्य सुझाव प्राप्त गर्न समय समयमा समुह संयोजक भेला, गोष्ठि, सहकारी शिक्षा कार्यक्रम संचालन गर्दै आएकोछ ।

### १०. सामजिक तथा सामुदायिक कार्यक्रम :

संस्थाले सामाजिक क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाबाट सामाजिक कार्यक्रमको लागि आर्थिक सहयोग गर्दै आएको छ भने संस्थाले सयपत्री प्रतिष्ठान नेपाल, नेपाल रेडक्रस सोसाइटी खोपासी उपशाखासंग समन्वय गरी रक्तदान कार्यक्रम, खानेपनी, सरसफाई, बृक्षरोपण आदि सामाजिक तथा सामुदायिक कार्यक्रम संचालन गर्दै आएको यस संस्थाले विभिन्न स्वास्थ्य निकायहरुसंग समन्वय गरी स्वास्थ्य शिविर, विभिन्न शैक्षिक संस्थाहरुसंग समन्वय गरी शैक्षिक कार्यक्रमहरु संचालन गर्ने कार्यक्रम रहेकोछ ।

### ११) ३६५ दिने तथा सन्ध्यकालीन सेवा

क) नियमित रुपमा काउन्टर खुल्ने दिन बाहेकका संस्था बन्द हुने प्रत्येक सार्वजनिक विदाहरुको दिनमा ३६५ दिने बैकिङ्ग काउन्टर सेवा प्रदान गर्ने व्यवस्था गरिएको छ ।

(ख) नियमित रुपमा काउण्टर खुल्ने दिनहरुको कारोबार समाप्ति पश्चात सन्ध्याकालीन बैकिङ सेवा संचालन गर्दै आएकोछ ।

### १२) अन्तर कार्यालय बैकिङ्ग सेवा (ABBS)

सदस्यहरुले संस्थाको कुनै पनि कार्यालयमा रकम जम्मा गर्न चेकको भुक्तानी लिन सक्ने गरी अन्तर कार्यालय बैकिङ्ग कारोबार सेवा संचालन गर्दै आएकोछ ।

क) बिन्धवासिनी मोवाईल एप्स मार्फत इन्टरनेट बैकिङ्ग, मोवाईल रिचार्ज, युटिलिटी पेमेन्ट, आन्तरिक हवाई टिकट खरिद र विद्युत महसुल भुक्तानी गर्न सक्ने व्यवस्था गरिएकोछ ।

ख) सहकारी क्षेत्रमै पहिलो ATM कार्ड वितरण गरी सदस्यले नेपाल, भारत र भुटानबाट समेत SCT ATM केन्द्रबाट रकम झिक्न सक्ने व्यवस्था गरिएकोछ ।

ग) संस्थाले Tablet बैकिङ सेवा समेत प्रारम्भ गरिएकोछ भने निकट भविष्यमै Cashless Banking सेवा र दुर्गम क्षेत्रमा शाखा रहित Mobile Banking सेवा समेत संचालन गर्ने योजना रहेकोछ ।

### १५) विप्रेषण सेवा



संस्थाले विभिन्न विप्रेषण कारोबार गर्ने कम्पनीहरुसंग संझौता गरी सदस्यहरुको आफन्तले स्वदेश वा विदेशबाट पठाएको रकम घरदैलोमा प्राप्त हुने गरी संस्थाको पाँच वटै कार्यालयहरुबाट प्रदान गर्दै आएकोछ

### १६) सदस्य सम्मान तथा पुरस्कार कार्यक्रम :

(उत्कृष्ट प्रवेशिका परीक्षा उतीर्ण, उत्कृष्ट लघुवित्त र साधारण समूह, उत्कृष्ट बचत कर्ता, अधिकतम शेयर खरिद कर्ता, उत्कृष्ट शैक्षिक बाल बचत कर्ता, छात्रबृत्ति, बृद्ध भत्ता, अपाङ्ग सदस्य भत्ता, असल ऋणी सदस्य परिचय पत्र आदि)

### १७) सामाजिक तथा सामुदायिक कार्यक्रम :

रक्तदान, खानेपानी, बृक्षरोपण, सरसफाई, सहकारी शिक्षा कार्यक्रम, निःशुल्क दन्त शिवर, आँखा शिविर, स्वास्थ्य शिविर, पाठेघर तथा स्तन क्यान्सर निःशुल्क परीक्षण शिविर, सामुदायिक भवन निर्माण, सहकारी प्रशिक्षण कार्यक्रम आदि)

**१८) ज्ञानमा आधारित कृषि कार्यक्रम** : विनरक इन्टरनेशनल र संस्थाको लागत सहभागितामा ज्ञानमा आधारित कृषि कार्यक्रम(किसान२) संचालन गरी ८० वटा कृषक समुहमा २००२ घरधुरीलाई करीब ९६ लाख रुपैयाँको लागतमा वेमौसमी तरकारी खेती कार्यक्रम सञ्चालन गर्दै आएकोछ ।

## प्राप्त उपलब्धीहरू

### ९) ब्याज अनुदान तथा सहुलियत ऋण कार्यक्रम

स्थानीय गाउपालिकाको साझेदारी कृषि तथा पुशपालन ऋणमा ६% व्याज अनुदान प्रदात गरी ५% मा कृषि तथा पशुपालन ऋण सुविधा प्रदान गरिएको छ यस कार्यक्रम अन्तर्गत संस्थाले रु. ५ करोड लगानी गर्ने लक्ष्य लिएकोछ भने सहुलियत कृषि ऋण अन्तर्गत ८% व्याजदरमा रु. ९ करोड र उत्पादन तथा रोजगार सृजनाका लागि सहुलियत ऋण ३% व्याजदरमा रु. २ करोड लगानी गर्ने कार्यक्रम रहेकोछ ।

१) पहिलो सर्वोत्कृष्ट साकोस पुरस्कार २०६६ (नेफ्स्कून)
२) उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०६७ (राष्ट्रिय सहकारी महासंघ लि नेपाल)
३) अन्तर्राष्ट्रिय लघुवित्त प्रवर्द्धन पुरस्कार) सन् २०१०,( CUMI Award 2010) एशियाली ऋण महासंघ (ACCU)
४) मिक्स मार्केटबाट ५ तारा प्राप्त गर्न सफल
५) ACCESS BRONZE सन् २०१२ प्राप्त, नविकरण २०१४ - एशियाली ऋण महासंघ(अक्कू)
६) राष्ट्रिय उत्कृष्ट व्यवस्थापक पुरस्कार २०७०( नेफ्स्कून))
७) मध्यमाञ्चल उत्कृष्ट सहकारी संस्था पुरस्कार २०७१ (राष्ट्रिय सहकारी बैक लि.)
८) ACCESS SILVER सन् २०१६ प्राप्त, नविकरण २०१७-२०२०- एशियाली ऋण महासंघ (अक्कू)
९) उत्कृष्ट व्यवस्थापक पुरस्कार २०७० (जिल्ला सहकारी संघ लि. काभ्रे)
१०) उत्कृष्ट संस्थापक अध्यक्ष पुररस्कार २०७४ ( नेफ्स्कून)
११) उत्कृष्ट करदाता सम्मान २०७५, आन्तरिक राजस्व कार्यालय धुलिखेल काभ्रे ।
१२) उत्कृतष्ट बचत कर्ता सम्मान २०७७ नेफ्स्कून
१३) उत्कृष्ट बचत कर्ता सम्मान २०७७ काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
१४) उत्कृष्ट सामाजिक उत्तरदायित्व बहन प्रशंसा पुरस्कार २०७८( नेफ्स्कून)
१५) राष्ट्रिय सहकारी बैकको सिफरिसमा Credit Union Executive Outstanding Award 2021 (ACCU)

**२०७८ मंसिर मसान्त सम्मको प्रगति तथा वित्तीय विवरण :**

| विवरण | संख्या /रकम |
|---|---|
| समुह संख्या | १९२५ |
| सदस्य संख्या | ४२,८०५ |
| शैक्षिक बालबचत कर्ता | ८४०५ |
| जम्मा सेवाग्राही | ५१,२१० |
| शेयर पूँजी | ३९,९२,९५,६००।- |
| बचत तथा निक्षेप | २,८२,८०,७९,६६६।३३ |
| ऋण लगानीमा रहेको रकम | ३,१८,८६,८७,६३२।५५ |
| कूल सम्पत्ति | ४,०६,८३,१२।०३९।६७ |

**भावी योजना** :

पाँचौ त्रिवर्षीय रणनीतिक व्यवसायिक योजना अनुसार आ.व. २०८१।८२ सम्ममा १,०५,२६९ जना सदस्य तथा सेवाग्राहीलाई सेवा प्रदान गरी रु. १०,१२,५१,००,०००।- कारोबार पुर्‍याउने ।

# तरलता व्यवस्थापनमा अभियानको भुमिको विषयक अन्तरक्रिया कार्यक्रम




ललितपुर । पछिल्लो समय बैंक तथा वित्तीय क्षेत्रमा लगानी योग्य रकम (तरलता) को अभाव हुन थाले पछि सहकारी क्षेत्रमा यसको प्रभावकम गर्न राष्ट्रिय सहकारी बैंक लिमिटेड (एनसीबीएल) को शाखा कार्यालयहरु मुख्य शाखा कुपण्डोल, लगनखेल, चापागाउँ, इमाडोलसहित बागमती प्रदेश सहकारी संघ लि.,जिल्ला सहकारी संघ लि.ललितपुर, जिल्ला बचत तथा ऋण सहकारी संघ लि.ललितपुर, बहुउद्देश्यीय सहकारी संघ लि.ललितपुर र नेपाल बचत तथा ऋण सहकारी संघ लि.(नेफ्स्कुन) को फिल्ड कार्यालय ललितपुरको संयूक्त आयोजनामा 'तरलता व्यवस्थापनमा अभियानको भुमिका' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

पुस ६ गते ललितपुरको महालक्ष्मी स्थानस्थित डिलाईट पार्टी भन्यूमा भएको अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेड (एनसीबीएल) का प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले 'तरलता व्यवस्थापनमा अभियानको भुमिका' विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँले प्रस्तुत गर्नु भएको कार्यपत्रमा तरलता के हो ? तरलता अभावबाट बच्ने उपाय, तरलता अभावको समस्यालाई कसरी समाधान गर्न सकिन्छ भन्ने लगायतका विषयमा प्रस्तुतिकरण गर्नु भएको थियो । सहकारी विभागका रजिष्ट्रार झलकराम अधिकारीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा विशिष्ट अतिथि राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी.उप्रेती, रहनु भएको थियो । कार्यक्रममा नेफ्स्कुनका अध्यक्ष परितोष पौड्याल, बागमती प्रदेश सहकारी संघका अध्यक्ष रामशरण शर्मा घिमिरे, बैंकका संचालक एवम् ललितपुर बचत तथा ऋण सहकारी संघका अध्यक्ष रामहरि बजगाईं, जिल्ला सहकारी संघ ललितपुरका अध्यक्ष माधव दुलाल, केन्द्रीय बहुद्देश्यीय सहकारी संघका सचिव माधव तिमल्सिना, बहुउद्देश्यीय सहकारी संघ ललितपुरका अध्यक्ष शरद महर्जन लगायतको कार्यक्रममा सहभागिता रहेको थियो ।

अन्तरक्रिया कार्यक्रममा सहकारी संस्थाहरुको रकमलाई अन्य बैंक तथा वित्तीय संस्थामा नलगी सिधै राष्ट्रिय सहकारी बैंक र संघहरुमा कसरी जम्मा गर्न सकिन्छ भन्ने विषयमा पनि छलफल चलेको थियो । त्यसैगरी बजारमा हल्ला आए जस्तो सहकारीहरुमा तरलताको समस्या नरहेको तर पर्ख र हेरको अवस्थामा अभियान रहेको बताईएको छ ।

राष्ट्रिय सहकारी बैंकले पनि गत मंसिर २६ गते विज्ञप्ती जारी गर्दै सहकारी बैंकमा लगानी योग्य पुंजी (तरतला) प्रर्याप्त भएको जानकारी गराएको थियो । अन्य बैंक तथा वित्तीय संस्थामा तरलता अभावका समयमा पनि राष्टिय सहकारी बैंकमा भने कत्तिपनि तरलता समस्या नभएको र बैंकको न्यूनतम पुँजी कोष अनुपात ८ प्रतिशत हुनुपर्नेमा ९.५१ प्रतिशत रहेको जनाएको थियो । सहकारी बैंकको वित्तीय अवस्था मजबुत भएको रनिक्षेप फिर्ता गर्न र कर्जा प्रवाह गर्न कुनै समस्या नभएकोले बैंकले ५० अर्ब निक्षेप संकलन गरी ३९ अर्ब कर्जा प्रवाह गरेको उल्लेख गरेको थियो ।

# राष्ट्रिय सहकारी बैंकको ईटहरी शाखा स्थान्तरण




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको ईटहरी शाखा कार्यालय स्थान्तरण भएको छ । (साविक) सुनसरी जिल्लाको ईटहरी स्थित विराटनगर लाईनमा रहेको कार्यालय हाल ईटहरी पशिचम लाईनमा स्थान्तरण भएको हो । स्थानान्तरण भएको शाखा कार्यालयको मंसिर १९ बैंकका अध्यक्ष के.बी. उप्रेतीले उद्घाटन गर्नु भएको छ ।

बैंकका अध्यक्ष उप्रेतीले रिवन काटेर स्थान्तरण भएको शाखाको "उद्घाटन"गर्नु भएको हो । उद्घाटन पछि बोल्दै 'उहाँले जस्तोसुकै अवस्थामा पनि बैंकले सहकारी संघ/संस्थाहरुको आवश्यक्ता पुरा गर्न हरदम तत्पर रहेको भन्दै सहकारी संघ/संस्थाको हरेक समस्या सहकारी बैंकले समधान गर्ने उल्लेख गर्नु भयो' ।

कार्यक्रममा बैंकका संचालक अमृता सुब्बाले सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई राष्ट्रिय सहकारी बैंकमै वित्तीय कारोवार गर्न आग्रह गर्नुभयो ।

बैंकको ईटहरी शाखा समन्वय उपसमितिका संयोजक सोम बहादुर श्रेष्ठले बैंकको "वित्तीय कारोवार बृद्धिका लागि कर्मचारीहरुलाई अहोरात्र खट्न आग्रह गर्दै हरेक परिस्थितिमा शाखा समन्वय उपसमितिका सदस्यहरुले शाखा कार्यालयका कर्मचारीलाई सहयोग गर्न आग्रह गर्नुभयो" । कार्यक्रममा स्वागत मन्तव्य बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले गर्नु भएको थियो । बैंकका अध्यक्ष के.बी उप्रेतीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा संचालक अमृता सुब्बा, जिल्ला बहुउद्देश्यीय सहकारी संघ लिमिटेड सुनसरीको अध्यक्ष एवम् राष्ट्रिय सहकारी बैंक लिमिटेड. ईटहरी शाखा समन्वय उपसमितिका सदस्य केदार प्रसाद न्यौपाने लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको संचालन शाखा प्रमुख, चिरन्जीवि तिम्सीनाले गर्नु भएको थियो ।

# सहकारीको अनुसन्धानका लागि बैंक र अनुसन्धानकर्ता बीच सम्झौता

*"पोखरा विश्वविद्यालय अन्तर्गत एपेक्स कलेजमा अध्ययनरत प्रतिकनाथ पन्तले* ***Credit Risk Management in Cooperative Organization in Nepal*** *र त्रिभुवनविश्वविद्यालय अन्तर्गत मानविकी तथा सामाजिकशास्त्र संकायमा अध्ययनरत अजिता देवि शर्माले* **Women Empowerment Through Cooperatives** *विषयमा शोध अनुसन्धान गर्ने छन्"*



ललितपुर । राष्ट्रिय सहकारी बैंकले नेपालको सहकारी क्षेत्रको अध्ययनको दायरा फराकिलो पार्ने उद्देश्यले सहकारी क्षेत्र सम्बन्धी विषयमा शोध प्रबन्ध लेख्नको लागि छनौट भएका विद्यार्थीहरु र बैंकबीच सम्झौता गरेको छ । बैंकको केन्द्रीय कार्यालयमा मंसिर १५ गते एक कार्यक्रमका बिच शोध प्रबन्ध अनुसन्धान अनुदान प्राप्त गर्ने विद्यार्थीरु र बैकबीच सम्झौता भएको हो । शोध प्रबन्ध अनुसन्धान अनुदानप्राप्त गर्ने विद्याथीहरु स्नातकोत्तरतर्फ प्रतिकनाथ पन्त र विद्यावारीधि तर्फ अजिता देवि शर्मा रहनु भएको छ ।

पोखरा विश्वविद्यालय अन्तर्गत एपेक्स कलेजमा अध्ययनरत पन्तले **Credit Risk Management in Cooperative Organization in nepal** र त्रिभुवन विश्वविद्यालय अन्तर्गत मानविकी तथा सामाजिक शास्त्र संकायमा अध्ययनरत शर्माले **Women Empowerment Through Cooperatives** विषयमा शोध अनुसन्धान गर्ने छन् । कार्यक्रममा छनौट भएका शोधार्थीहरुले आफ्नो शोध प्रबन्ध अनुसन्धानको बारेमा जानकारी गराएका थिए । कार्यक्रममा बैंकका अध्यक्ष के.बी उप्रेतीले शोध प्रबन्ध अनुसन्धानको लागि अनुदान दिन बैंकले शुरुवात गरेको बताउनुभयो । उहाँले सहकारी बैंकले सुरु गरेको यस कार्यको अन्य निकायले पनि सिको गर्नु पर्ने बताउनु भयो । उहाँले सहकारी बैंककले ई-लाइब्रेरीको सुरुवात गरेको हुनाले यस कार्यबाट आएको सहकारीको सत्य तथ्य र एकिन तथ्याङ्कले सहकारीको तथ्याङ्क अध्ययन गर्न चाहनेका लागि महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो । उहाँले यस कार्यक्रमलाई निरन्तरता दिने बताउनुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले रिसर्च कार्य पहिलो भएपनि राम्रो कार्यको सुरुवात गरेको बताउनु भयो । उहाँले उक्त कार्यमा आवश्यकता अनुसार शोधकर्तालाई सहयोग गर्ने बताउनुभयो । उहाँले राम्रो नतिजाको शुभकामना दिँदै अनुसन्धानमा केही समस्या आएमा बैंकले सहयोग गर्ने बताउनु भयो । कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका संचालक सागर ढकाल, सहकारी बैकका लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेती, संचालक सरिता तिम्सीना (भट्टराई), प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले शोधप्रबन्ध अनुसन्धान अनुदान प्राप्त गर्ने विद्यार्थीलाई शुभकामना दिनु भएको थियो, कार्यक्रममा बैंकको उच्च व्यवस्थापनका कर्मचारीहरु, हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष बासुदेव घिमिरे तथा प्रवन्धक सुमन थापा, सहकारी पत्रकार समाजका अध्यक्ष खिलानाथ दाहाल, उपाध्यक्ष काजी श्रेष्ठ लगायतको सहभागिता रहेको थियो ।

# बैंकका सल्लाहकार कँडेल आइसीएएपी क्षेत्रीय बोर्डमा विजयी

ललितपुर । राष्ट्रिय सहकारी बैंकका सल्लाहकार एवम् राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कँडेल अन्तर्राष्ट्रिय सहकारी महासंघ एशिया प्रसान्त क्षेत्रको क्षेत्रिय बोर्ड सदस्यमा निर्वाचित हुनुभएको छ । आइसीएएपीको मंसिर १४ गते नोभेम्बर ३० तारिखमा भएको निर्वाचनमा कँडेल निर्वाचित हुनु भएको हो ।

उहाँले पाँचौं सर्वाधिक मत प्राप्त गर्दै आइसीएएपीमा निर्वाचिन हुनुभएको हो । त्यसैगरी भारतका चन्द्रपाल सिंह यादव आइसीएएपीको अध्यक्षमा निर्वाचित हुनुभएको छ । चिनका जेनहोङ र मलेसियाका डाटो डा.अब्दुलफताह अबदुल्लाह उपाध्यक्षमा निर्वाचित हुनुभयो ।



यस अघि आइसीएएपीमा महासंघका नि-र्वतमान अध्यक्ष केशव बडाल संचालक समितिमा हुनुहुन्थ्यो ।

## राष्ट्रिय सहकारी बैंकको १८ औं वार्षिक साधारण सभा............

बैंकका अध्यक्ष के.बी उप्रेतीको अध्यक्षतामा भएको साधारण सभाको उद्घाटन भुमि व्यवस्था, सहकारी तथा गरिबीनिवारण मन्त्री शशी श्रेष्ठले गर्नुभएको थियो । साधारण सभामा बोल्दै मन्त्रीश्रेष्ठले सहकारी संस्थाहरु आफ्ना सदस्यहरु प्रति उत्तरदायी बन्नु पर्नेमा जोड दिदैं समुदाय तर्फ सदैव जिम्मेवार बनेर आम मानिसको भरोसा बढाउनु सहकारीको दायित्व भएको बताउनु भयो ।

मन्त्री श्रेष्ठले सहकार्यको भावनामा सञ्चालन हुने निकाय सहकारीमा केहि सिमित व्यक्तिहरुले फाईदा दिईरहेका छन् अहिले बाहिर पब्लिकको पनि व्यापक रुपमा जनगुनासो त्यही आइरहेकाले यसलाई तत्काल निकास दिन आवश्यक रहेकोमा जोड समेत दिनु भयो । उहाँले ‘सहकारीको सिद्धान्त, उद्देश्य र मर्म अनुसार नचल्दा वित्तीय सुशासन कायम हुन नसकी सहकारी प्रति बचत कर्ताको विश्वासमा कमी आएको देखिएको छ , सहकारी क्षेत्रमा देखिएका चुनौति र जोखिमलाई न्युनिकरण गर्दै यस क्षेत्रप्रति आमनागरिकको विश्वास र भरोसा बढाउदै लगानी गर्न आकर्षित गर्नु सबैको दायित्व हो’ त्यस तर्फ सहकारी बैंकले मुख्य खेल्न मन्त्री श्रेष्ठले संविधानले सहकारीलाई आर्थिक विकासको मेरुदण्डका रुपमा लिएको र आर्थिक विकास र समृद्धिका लागि सहकारीको भूमिका महत्वपूर्ण हुने भन्दै सहकारीहरुलाई सदस्य केन्द्रीत भइ व्यवसायिक बनाउनु पर्नेमा बताउनु भयो । सहकारीबाट तल्लो तहका जनता लाभान्वित हुने र सहकारी त्यही अनुसार चल्ने भएकाले सोही अनुसार भिजन पेपर तयार पारिरहेको पनिमन्त्री श्रेष्ठले जानकारी दिनुभयो । सहकारीको सिद्धान्त मुल्यमान्यता र प्रचलित ऐन कानुनको पूर्ण परिपालना गर्दै संविधानमा समृद्धिको आधारस्तम्भ मानिएको सहकारी अभियानलाई थप प्रभावकारीताका साथ अघि बढाउन राष्ट्रिय सहकारी बैंकले अझै महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्नेमा पनि मन्त्री श्रेष्ठले जोड दिनु भयो ।

साधारण सभामा प्रस्तुत भएको संञ्चालक समितिको प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, आर्थिक वर्ष २०७७/०७८ को लेखा परिक्षण प्रतिवेदन, आर्थिक वर्ष २०७८/०७९ को प्रस्तावित बजेट तथा कार्यक्रम, आर्थिक वर्ष २०७८/०७९ को लेखापरिक्षकको

नियूक्ति तथा पारिश्रमिक निर्धारण, विनियम संशोधन, विभिन्न कार्यविधिहरु संशोधन, कार्यसूचिमा थप भएका प्रस्ताव, बैंकको केन्द्रीय कार्यालयको लागि भवन निर्माण गर्ने, वैदेशिक निकायबाट सहुलियत पूर्ण कर्जा लिने लगायत साधारण सभामा पेश भएका सम्पूर्ण नीति तथा कार्यक्रमहरु पारित भएका छन् ।

बैंकले हालै १० वर्षे रणनीतिक योजना तर्जुमा गरेर आर्थिक वर्ष २०७९/०८० देखि आ.व २०८८/०८९ सम्मको लागि विभिन्न रणनीतिक स्तम्भहरु र ध्येय तय गर्दै **“उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक”** परिकल्पना लिई अघि बढेकाले यसले बैंकलाई सवल, सक्षम र प्रभावकारी गराउने छ। त्यस्तै आगामी आ.व. २०७८/०७९ मा शेयर पुँजी ३ अर्ब ५० करोड, निक्षेप संकलन ७८ अर्ब १ करोड, कर्जा लगानी ४९ अर्ब भन्दा बढी गरी ८६ अर्ब १७ करोड भन्दा बढीको कुल कारोवार गर्न लक्ष्यलिएको छ, भने ३ अर्बको शेयर पुँजी बढाएर ८ अर्ब पुर्याउने लक्ष्य लिएको छ ।

सहकारी र प्रविधिबीच काम गर्न डिजिटल बैंकिङ युनिट बनाउने भन्दै अब वाणिज्य बैंकसँग प्रतिस्पर्धा गर्न सक्ने बैंक बनाउने बैकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बताउनु भयो ।

बैंकले सिबिएस स्तरोन्नति, कर्जा व्यवस्थापन सफ्टवेयर कार्यान्वयनमा ल्याउने भएको छ । यस्तै, चेक क्लिरियन्स, तरलता सङ्कट व्यवस्थापन र उत्पादक क्षेत्रमालगानी बढाउँदै लैजाने गुरागाईले बताउनु भयो ।

### शेयर खरिद तथा खाता सञ्चालनका लागि आवश्यक कागजातहरु

- सहकारी संघ संस्थाहरुले कम्तिमा प्रति कित्ता रु.१०० का दरले न्युनतम १० कित्ता शेयर र प्रवेश शुल्क रु. ५०० ( फिर्ता नहुने गरी ) बुझाई बैंकको शेयर खरिद गर्न सक्नेछन् ।
- बैंकको शेयर खरिद गर्ने , खाता खोल्ने तथा सञ्चालन गर्ने सम्वन्धी अख्तियारी सहितको संचालक समितीको निर्णयको प्रतिलिपि
- खाता सञ्चालकहरुको फोटो र नागरिकताको प्रतिलीपी ।
- शेयर खरिद गर्ने र खाता खोल्ने सम्बन्धि अनुरोध पत्र
- संघ संस्था दर्ता र पान ( स्थायी लेखा नम्वर ) प्रमाणपत्रको प्रतिलीपी
- संघ संस्थाको स्वकृति विनियमको प्रतिलीपी ।
- अन्तिम वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलीपी ।
- वैकले उपलब्ध गराएको शेयर खरिद गर्ने र खाता खोल्ने फारम
- नमुना दस्तखत कार्ड र KYM. फारम
- राष्ट्रिय सहकारी वैकको शेयर खरिद सधै खुला रहने छ ।

## एकाई ७

## धनगढीमा सहकारी बैंकको साधारणसभा

# कृषि र सहकारीमार्फत समृद्धिमा जुटौं : सभामुख थापा

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको १८ औं वार्षिक साधारणसभा एकाई ७ अन्तरर्गत सुदूरपश्चिम प्रदेशको धनगढीमा पुस १६ गते सम्पन्न भएको छ । साधारणसभाको सुदुरपश्चिम प्रदेशका सभामुख अर्जुन बहादुर थापाले उद्घाटन गर्नु भएको थियो ।

साधारणसभा उद्घाटन पछि बोल्दै सभामुख थापाले मुलुकको समृद्धिका लागि सहकारी मार्फत कृषि क्षेत्रमा आमुल परिवर्तन आवश्यक रहेको बताउनुभयो । कृषि क्षेत्रलाई आर्थिक विकासको आधार बनाउनका लागि सहकारी क्षेत्रलाई परिचालन आवश्यक रहेको भन्दै उहाँले सहकारीमा रहेको सीप र पूँजिलाई कृषि क्षेत्रको व्यावसायिकीकरणमा लगाउनु पर्नेमा जोड दिनुभयो । सहकारी क्षेत्रको प्रद्धर्वनका लागि स्थापित राष्ट्रिय सहकारी बैंकको सेवालाई सुदूरपश्चिम प्रदेशको विकट जिल्लाहरुमा समेत पुर्‍याउनु पर्नेमा उहाँले जोड दिनुभयो । सुदूरपश्चिम क्षेत्रको विकासका लागि सहकारी क्षेत्रलाई प्राथमिकतामा राखेर योजना निर्माण गर्ने तयारी गरेका छौं, सभामुख थापाले भन्नुभयो-प्रदेश सरकारले सहकारी क्षेत्रको योजना निर्माण गर्दा सहकारी बैंकसंगग सहकार्य गरेर काम गर्नेछौं ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेश सरकारका आर्थिक मामिला मन्त्री तारा लामा तामाङ्गले नेपालको सहकारी अभियानको एकमात्र बैंकका रुपमा रहेको राष्ट्रिय सहकारी बैंकलाई थप व्यवस्थित गराउदै समग्र सहकारी क्षेत्रको साख बढाउनु पर्नेमा जोड दिनुभएको छ । सहकारी बैंकलाई मुख्य बैंक बनाएर उत्पादन, प्रशोधन र बजारीकरणका क्षेत्रमा ध्यान दिनु पर्दछ, उहाँले भन्नुभयो-'कृषि, कृषक र वातावरण जोगाउने गरी सहकारी बैंकका कामलाई केन्द्रीत गर्नु पर्दछ ।'

मन्त्री तामाङ्गले सहकारी बैंकलाई शाखा होइन, सदस्य मार्फत देशव्यापी रुपमा अगाडि बढाउने गरी वर्तमान को भनाइ छ ।

सहकारी ऐनलाई संशोधन गर्नु पर्ने सुझाव दिनु भएको छ । साधारण सभामा धनगगढी उपमहानगरपालिकाका नगर प्रमुख नृप बहादुर वड, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव मदन सिंह धामी, सुदूरपश्चिमप्रदेश प्रादेशिक बचत तथा ऋण सहकारी संघ लिमिटेडका अध्यक्ष माधव प्रसाद जोशी, नेपाल बहुउद्देश्यीय सहकारी संघका संञ्चालक सुरेन्द्र कुमार शाह, जिल्ला सहकारी संघ कैलालीका अध्यक्ष फणिराज सापकोटा, जिल्ला विद्युत सहकारी संघ कैलालीका अध्यक्ष कृष्ण बहादुर खत्री, जिल्ला बचत तथा ऋण सहकारी संघ कञ्चनपुरका अध्यक्ष भवानी चन्द, जिल्ला बहुउद्देश्यीय सहकारी संघ कञ्चनपुरका अध्यक्ष प्रेम सिंह भाट र जिल्ला सहकारी संघ बजुराका अध्यक्ष दिनेशराज जोशी लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

साधारणसभामा बैंकका अध्यक्ष के.बी उप्रेतीले संञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । प्रतिवेदन प्रस्तुत गर्दै उहाँले बैंकले हालै १० वर्षे रणनीतिक योजना तर्जुमा गरेर आर्थिक वर्ष २०७९/०८० देखि आ.व २०८८/०८९ सम्मको लागि विभिन्न रणनीतिक स्तम्भहरु र ध्येय तय गर्दै "उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक" परिकल्पना लिई अघि बढाएको र रणनीतिक योजनाले बैंकलाई सवल, सक्षम र प्रभावकारी बताउनु भयो । बैंकले चालु आर्थिक वर्षको अन्त्यसम्म शेयर पुँजी ३ अर्ब ५० करोड, निक्षेप संकलन ७८ अर्ब १ करोड, कर्जा लगानी ४९ अर्ब भन्दा बढी गरी ८६ अर्ब १७ करोड भन्दा बढीको कुल कारोवार गर्ने लक्ष्य लिएको अध्यक्ष उप्रेतीले बताउनुभयो । बैंकमा हाल ३ अर्ब शेयर पुँजी र यसलाई बढाएर ८ अर्ब पुर्‍याउने लक्ष्य रहेको उप्रेती

# एकाई ६
## कर्णालीमा सहकारी बैंकको साधारणसभा
## सहकारी मार्फत मात्र समाजवाद सम्भव : सभामुख शाही

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको १८ औं वार्षिक साधारणसभाको एकाई ६ अन्तर्गत कर्णाली प्रदेशस्तरीय सभा पुस १८ गते सुर्खेतको बिरेन्द्रनगरमा सम्पन्न भएको छ । पहिलो पटक प्रदेशस्तरमा भौतिक उपस्थितिमा भएको वार्षिक साधारणसभाको कर्णाली प्रदेशका सभामुख राज बहादुर शाहीले उद्‌घाटन गर्नु भयो । साधारणसभा उद्‌घाटन पछि बोल्दै सभामुख शाहीले सहकारीको व्यवसायिक प्रवर्द्धनबाट मात्र समाजवाद सम्भव भएको बताउनु भयो ।

“विपन्न वर्गसम्म सरकारको पहुँच पुऱ्याउनको लागि सहकारी क्षेत्र सबै भन्दा प्रभावकारी माध्यम र जनताको आर्थिक रुपान्तरणका लागि सहकारी व्यवसाय नै प्रभावकारी हुन्छ, सभामुख शाहीले भन्नुभयो,-‘सहकारी क्षेत्रलाई आम समुदायको आर्थिक सामाजिक रुपान्तरण हुने गरी प्रवर्द्धनका लागि राज्य र सहकारीबीच सहकार्य गर्न आवश्यक छ ।’ सहकारी बैंकले लोकतान्त्रिक अभ्यास र संघीयताको मर्म र भावना अनुरुप विकेन्द्रीकरणमा आधारित साधारण सभा गरेकोमा खुसी लागेको छ, यो सहकारीमा रहेको निकै सुन्दर लोकतान्त्रिक पद्दती हो । कर्णाली प्रदेशको आर्थिक विकासका लागि प्रदेश सरकारले सहकारीलाई महत्वपूर्ण साझेदारको रुपमा लिनुपर्ने भन्दै यहाँको विकासको लागि बैंकले योगदान गर्ने कुरामा आफु विश्वस्त रहेको उहाँले बताउनु भयो” ।

साधारण सभामा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफस्कुन) का महासचिव दामोदर अधिकारी, कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका सचिव आनन्द सारु, जिल्ला सहकारी संघ लिमिटेड कालीकोटका अध्यक्ष तथा प्रस्तावित प्रदेश सहकारी संघ कर्णालीका सचिव काली बहादुर महतरा, लगायतले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

साधारणसभामा बैंकका अध्यक्ष के.बी उप्रेतीले संञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । सहकारीहरुको प्रवर्द्धनका लागि सहकारी बैंकले वित्तीय कारोबारसंगै संस्थागत विकास, व्यवसायिक कारोबारमा समेत सहयोग गर्ने अध्यक्ष उप्रेतीले बताउनुभयो । बैंकले चालु आर्थिक वर्षको अन्त्यसम्म शेयर पुँजी ३ अर्ब ५० करोड, निक्षेप संकलन ७८ अर्ब १ करोड, कर्जा लगानी ४९ अर्ब भन्दा बढी गरी ८६ अर्ब १७ करोड भन्दा बढीको कुल कारोवार गर्ने लक्ष्य लिएको अध्यक्ष उप्रेतीले जानकारी दिनुभयो । बैंकमा हाल ३ अर्ब शेयर पुँजी र यसलाई बढाएर ८ अर्ब पुऱ्याउने लक्ष्य रहेको उप्रेतीको भनाइ छ ।

कार्यक्रममा लेखा समितिको प्रतिवेदन संयोजक लक्ष्मी प्रसाद उप्रेती, विनियम संशोधन संञ्चालक ध्रुव नारायाण यादव, कार्यविधि संशोधन प्रस्ताव तथा बैककको केन्द्रीय कार्यालयको लागि भवन निर्माण सम्बन्धमा सञ्चालक तथा नीति नियम निर्माण उपसमितिका संयोजक रामहरि बजगाईले प्रस्तुत गर्नु भएको थियो । बैंकका संचालक विजया धितालले संचालन गर्नु भएको साधारण सभामा बैंकका संचालक हरिहरनाथ योगीले स्वागत मन्तव्य राख्नु भएको थियो । साधारणसभामा प्रस्तुत गरिएको सबै प्रतिवेदनहरु बन्दसत्रले सर्वसम्मत पारित भएका थिए । साधारणसभामा विभिन्न विधामा पुरस्कृत तथा सम्मानितहरुको घोषणा गर्नुका साथै कर्णाली प्रदेशबाट सम्मानित पुरस्कृतहरुलाई सम्मान तथा पुरस्कृत गरिएको थियो । कार्यक्रममा लेखा समितिको प्रतिवेदन संयोजक लक्ष्मी प्रसाद उप्रेती, विनियम तथा कार्यविधि संशोधन प्रस्ताव सञ्चालक तथा नीति नियम निर्माण उपसमितिका संयोजक रामहरि बजगाईले प्रस्तुत गर्नु भएको थियो । बैंकका संचालक केदार मानन्धरले संचालन गर्नु भएको साधारण सभामा बैंकका संचालक शिवा थापाले स्वागत मन्तव्य राख्नुभएको थियो । साधारणसभामा प्रस्तुत गरिएको सबै प्रतिवेदनहरु बन्दसत्रले सर्वसम्मत पारित गरेको छ । साधारणसभामा विभिन्न विधामा पुरस्कृत तथा सम्मानितहरुको घोषणा गर्नुका साथै सुदुरपश्चिम प्रदेशबाट सम्मानित पुरस्कृतहरुलाई सम्मान तथा पुरस्कृत गरिएको थियो ।

# एकाई ५
# लुम्बिनीमा सहकारी बैंकको साधारणसभा
## सहकारी बिनाको आर्थिक विकास असम्भव : प्रदेश प्रमुख शेरचन

ललितपुर । लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनले मुलुकको आर्थिक विकासका लागि सहकारी क्षेत्रको सहभागिता आवश्यक रहेको बताउनु भएको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेडको १८ औं वार्षिक साधारणसभाको एकाई (५) अन्तर्गत लुम्बिनी प्रदेश स्तरीय सभाको पुस २० गते तिलोत्तमा नगरपालिका रुपन्देहीमा उदघाटन पछि बोल्दै उहाँले यस्तो बताउनु भएको हो । विपन्न समुदायका जनताको आर्थिक विकासका लागि सहकारी मोडेलको योजना आवश्यक हुन्छ, प्रदेश प्रमुख शेरचनले भन्नुभयो-'सहकारीको सहभागिता बिना आर्थिक विकास सम्भव छैन ।'

''जनताको स-सानोपूँजी र प्रविधिमार्फत आय-आर्जन गराउन सहकारीको भूमिका महत्वपूर्ण रहदै आएको भन्दै उहाँले अबको सम्पूर्ण ध्यान कृषि क्षेत्रको उत्पादन, प्रशोधन र बजारीकरणमा लगाउन सकियो भने मात्र आर्थिक विकासमा फड्को मार्न सकिने कुरामा जोड दिनुभयो । उहाँले सहकारी बैंकले पनि उत्पादनमुलक क्षेत्रमा बढी भन्दा बढी लगानी गर्न सके जनताले चाहे जस्तो आर्थिक विकास सम्भव रहेको बताउनु भयो ।

लुम्बिनी प्रदेश सरकारले प्रदेशका विभिन्न जिल्लामा सहकारीद्वारा उद्योग संचालन गर्नु पर्ने भन्दै सहकारीलाई व्यवसायिक गराउन सहकारी ऐन र अन्य ऐन, नियममा देखिएका समस्या समाधान गरेर अगाडि बढ्नु पर्नेमा उहाँको जोड थियो ।

साधारणसभामा बैंकका अध्यक्ष के.बी उप्रेतीले संञ्चालक समितिको प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सदस्य मित्रराज दवाडी, विनियम संशोधन संञ्चालक ध्रुव नारायाण यादव, कार्यविधि संशोधन प्रस्ताव तथा बैकको केन्द्रीय कार्यालयको लागि भवन निर्माण सम्बन्धमा सञ्चालक तथा नीतिनियम निर्माण उपसमितिका संयोजक रामहरि बजगाईले प्रस्तुत गर्नु भएको थियो ।

बैंककाअध्यक्ष के.बी उप्रेतीको अध्यक्षतामा भएको साधारण सभामा जिल्ला सहकारी संघ लिमिटेड. रुपन्देहीका अध्यक्ष एवंम् राष्ट्रिय सहकारी महासघका संचालक भिम तुलाचन, राष्ट्रिय सहकारी महासंघका सञ्चालक रामकृष्ण खाँड, नेपाल बचत तथा ऋण सहकारी केन्द्रीय सहकारी संघ लिमिटेड.(नेफस्कुन) बरिष्ठ उपाध्यक्ष चन्द्र ढकाल, महासचिव दामोदर अधिकारी, लुम्बिनी प्रदेशको आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहकारी महाशाखाका रजिस्ट्रार प्रेम आचार्य, प्रदेश सहकारी संघ लुम्बिनीका अध्यक्ष प्रेम सुवेदी, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष रामराज पोखरेल लगायतले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

बैंकका संचालक एवम सुचना, प्रविधि, संचार तथा प्रकाशन उपसमितिका संयोजक माधवलाल देवकोटाले संचालन गर्नु भएको साधारण सभामा बैंकका सञ्चालक तथा लुम्बिनी प्रदेशका संयोजक विजया धितालले स्वागत मन्तव्य राख्नु भएको थियो । साधारणसभामा प्रस्तुत गरिएको सबै प्रतिवेदनहरु बन्दसत्रले सर्वसम्मतपारित गरेको बैंकले जनाइएको छ ।

साधारणसभामा विभिन्न विधामा पुरस्कृत तथा सम्मानितहरुको घोषणा गर्नुका साथै लुम्बिनी प्रदेशबाट सम्मानित पुरस्कृतहरुलाई सम्मान तथा पुरस्कृत गरिएको थियो ।

# एकाई ४

## पोखरामा सहकारी बैंकको साधारणसभा
## गण्डकी प्रदेशको समृद्धिको आधार सहकारीः मुख्यमन्त्री पोरखेल

ललितपुर। गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले समृद्ध गण्डकी प्रदेशका लागि सहकारी क्षेत्रको सबलीकरणमा जोड दिनु भएको छ। सहकारी समाजको आर्थिक सामाजिक रुपान्तरणका लागि सहकारी नै उपयुक्त माध्यमका रुपमा रहेको उहाँको भनाइ छ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १८ औं वार्षिक साधारणसभाको एकाई (४) अन्तर्गत गण्डकी प्रदेश स्तरीय सभाको पुस २२ गते गण्डकी प्रदेशको राजधानी पोखरामा उद्घाटन पछि बोल्दै उहाँले यस्तो बताउनु भएको हो। गण्डकी प्रदेश महत्वपूर्ण स्रोत साधनले भरिपूर्ण प्रदेश हो, यहाका स्रोतहरुको अधिकतम परिचालनका लागि सहकारी र सरकारबीच सहकार्य आवश्यक रहेको उहाँले बताउनुभयो। 'सहकारीले पर्यटन, जलविद्युत, उद्योग तथा व्यवसाय र रोजगारी प्रर्बद्धनमा लगानी गर्नुपर्दछ' मुख्यमन्त्री पोखरेलले भन्नुभयो 'सहकारीले सामाजिक उत्तरदायित्व अनुसार समेत काम गर्दै उत्पादनमुखी हुन जरुरी छ।' प्रदेशको आर्थिक विकासका लागि सहकारी क्षेत्रले बाहिर राखेर संभव नहुने उहाँको भनाइ थियो।

जनताको स-सानो पूँजी र प्रविधिमार्फत आय-आर्जन गराउदै सहकारीले आफ्नो भूमिका बढाउदै लैजानुपर्ने भन्दै मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेशका तर्फबाट सहकारीलाई सकारात्मक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले सहकारी बैंकले सहकारीको पूँजीलाई एकीकृत गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने धारण व्यक्त गर्नुभएको थियो। गण्डकी प्रदेश सरकारका योजनासंग सहकारी बैंकका कार्यक्रमलाई जोडेर अगाडि बढ्ने उहाँले प्रतिवद्धता व्यक्त गर्नु भयो।

पूर्व मन्त्री तथा राष्ट्रिय सहकारी महासंघका नि-वर्तमान अध्यक्ष केशव प्रसाद बडालले बहु-आयामिक गरिवीको अन्त्यका लागि सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको चर्चा गर्दै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले गरिवी निवारणका लागि सहकारी क्षेत्रसंग समन्वय गरेर योजना निर्माण र कार्यान्वयन गर्नु पर्नेमा जोड दिनुभयो। उहाँले सहकारी मार्फत आर्थिक र सामाजिक रुपान्तरणका लागि सहकारी क्षेत्रको प्रभावकारी परिचालनका लागि अभियान सदैव तत्पर रहेको उहाँको भनाइ थियो।

साधारणसभामा गण्डकी प्रदेश सरकारका भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारणमन्त्री चन्द्र बहादुर बुढाले सहकारीहरुको योगदानका कारण रोजगारी सृजना देखि उत्पादनमा सहयोग पुगेको बताउनुभएको थियो। समृद्ध समाज निर्माणका लागि सरकारले लिएको लक्ष्यलाई पुरा गर्नका लागि सहकारी क्षेत्रको भूमिका थप प्रभावकारी बनाउनु पर्नेमा जोड दिदै मन्त्री बुढाले प्रदेश सरकार सहकारीहरुसग समन्वय गरेर अगाडि बढ्न तयार रहेको बताउनुभयो। प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार उदय बहादुर पराजुलीले सरकार र सहकारी अभियान मिलेर सहकारी क्षेत्रको प्रवर्द्धनमा काम गर्नु पर्ने बताउनुभयो।

बैंकका अध्यक्ष के.बी उप्रेतीको अध्यक्षतामा भएको साधारण सभामा राष्ट्रिय सहकारी महासंघका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक हुमा कुमारी जिसी (अन्जु), केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका वरिष्ठ उपाध्यक्ष अमर बहादुर कुँवर, नेफ्स्कुनका सञ्चालकद्वय चण्डी प्रसाद शर्मा र कमलादेवी गिरी, जिल्ला सहकारी संघ लिमिटेड नवलपुरका अध्यक्ष केशव प्रसाद सापकोटा, जिल्ला सहकारी संघ. कास्कीका अध्यक्ष सावित्रा कोइराला, पोखरा

महानगर सहकारी समन्वय समितिका अध्यक्ष तेज नारायण अधिकारी लगायतले शुभकामना व्यक्त गर्नु भएको थियो । साधारणसभामा बैंकका अध्यक्ष के.बी उप्रेतीले संञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । उहाँले सहकारी क्षेत्रलाई व्यवसायिक रुपमा सक्षम बनाउन तथा सहकारीको संस्थागत विकासका लागि सहकारी बैंकले वित्तीय व्यवस्थापन, सहकारी स्तरीकरण लगायतका कार्यक्रम अगाडि बढाएको जानकारी दिनुभयो ।

बैंकले आफ्ना सदस्य सहकारी संघ संस्थासंगै समग्र सहकारी अभियानलाई सदस्य केन्द्रीत व्यवसायतर्फ अग्रसर गराउनुका साथै सहकारीको साख निर्माणका लागि समन्वयकारी भूमिका निर्वाह गर्दै आएको बैंकसंग सहकार्य गरेर अगाडि बढ्न सबै सहकारीहरुलाई अध्यक्ष उप्रेतीले आव्हान गर्नु भयो ।

बैंकले चालु आर्थिक वर्षको अन्त्यसम्म शेयर पुँजी ३ अर्ब ५० करोड, निक्षेप संकलन ७८ अर्ब १ करोड, कर्जा लगानी ४९ अर्ब भन्दा बढी गरी ८६ अर्ब १७ करोड भन्दा बढीको कुल कारोवार गर्ने लक्ष्य लिएको अध्यक्ष उप्रेतीले जानकारी दिनुभयो । बैंकमा हाल रहेको ३ अर्ब शेयर पुँजीलाई बढाएर ८ अर्ब पुऱ्याउने लक्ष्य रहेको उप्रेतीको भनाइ छ । कार्यक्रममा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सदस्य मित्रराज दवाडी, विनियम संशोधन प्रस्ताव संञ्चालक ध्रुव नारायाण यादव, कार्यविधि संशोधन प्रस्ताव तथा बैंकको केन्द्रीय कार्यालयको लागि भवन निर्माण सम्बन्धी प्रस्ताव सञ्चालक तथा नीतिनियम निर्माण उप-समितिका संयोजक रामहरि बजगाईले प्रस्तुत गर्नु भएको थियो । बैंकका के.बी.उप्रेतीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसी र स्वागत बैंकका सञ्चालक तथा प्रदेश नं. १ का संयोजक महेन्द्र गिरीले गर्नु भएको थियो । साधारणसभामा प्रस्तुत गरिएको सबै प्रतिवेदनहरु बन्दसत्रले सर्वसम्मत पारित गरेको बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले जानकारी दिनुभयो ।

साधारणसभामा विभिन्न विधामा पुरस्कृत तथा सम्मानितहरुको घोषणा गर्नुका साथै गण्डकी प्रदेशबाट सम्मानित पुरस्कृतहरुलाई सम्मान तथा पुरस्कृत गरिएको थियो ।



# एकाई ३

## बागमतीमा सहकारी बैंकको साधारणसभा

## समृद्धिका लागि सहकारी मुख्य क्षेत्र : मुख्यमन्त्री पाण्डे

ललितपुर । बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले देशको आर्थिक समृद्धिका लागि सहकारी क्षेत्र प्रमुख साझेदारका रूपमा रहेको बताउनु भएको छ । राष्ट्रिय सहकारी बैङ्क लिमिटेडको १८ औं वार्षिक साधारण सभाको एकाइ (३) अन्तर्गत बागमती प्रदेश स्तरीय सभाको पुस २४ गते काठमाडौंमा उद्घाटन पछि बोल्दै उहाँले यस्तो बताउनु भएको हो । 'सहकारीले कृषि जलविद्युत, पर्यटन, उद्योग तथा व्यवसाय र रोजगारी प्रर्बद्धनमा लगानी गर्नुपर्दछ' मुख्यमन्त्री पाण्डेले भन्नुभयो 'सहकारीले सामाजिक उत्तरदायित्व अनुसार समेत काम गर्दै उत्पादनमुखी हुन जरुरी छ ।' प्रदेशको आर्थिक विकासका लागि सहकारी क्षेत्रलाई बाहिर राखेर सम्भव नहुने उहाँको भनाइ थियो । सिंगो सहकारी क्षेत्रलाई रोजगारी सिर्जना, कृषि उत्पादन वृद्धिमा लगाउनका लागि सहकारी बैङ्कको भूमिका आवश्यक छ, सहकारी बैंकले आफ्ना सदस्य संस्थाहरुलाई लगानी गर्दा कृषि, पशुपालन लगायत उत्पादनसिल क्षेत्रलाई केन्द्रीत गर्नु पर्नेमा उहाँको सुझाव थियो । सहकारी ऐन २०७४ मा केही समस्या रहेको भन्दै, त्यसलाई सहकारी अभियानले लविङ गर्नु पर्ने बताउनुभयो । बागमती प्रदेश सहकारी मैत्री प्रदेशको रूपमा बिकास गर्न सहकारीलाई उत्पादन तथा कृषिमा क्षेत्रमा लगानी गर्न सहुलियत कर्जा प्रदान गर्न लागेकोले सहकारी बैंकले पनि सहकार्य गरेर अघि बढ्न सक्ने बताउनु भयो । कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कँडेलले प्रदेश सरकार र स्थानीय सरकारले गरिवी निवारणका लागि सहकारी क्षेत्रसंग समन्वय गरेर योजना निर्माण र कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । सहकारी मार्फत आर्थिक र सामाजिक रुपान्तरणका लागि सहकारी क्षेत्रको प्रभावकारीताको लागि जोडतोडका साथ लागेको बताउनुभयो, बागमती प्रदेशको सहकारी ऐनमा कतिपय करका विषयमा कुरा उठेकोले त्यसलाई समाधान गरिदिन मुख्यमन्त्री पाण्डेलाई आग्रह गर्नुभयो ।

साधारणसभामा सहकारी विभागका रजिष्ट्रार झलकराम अधिकारीले सहकारीको नियमन र सुशासनको क्षेत्रमा अभियानसंग मिलेर काम गर्ने भन्दै सरकार र सहकारी अभियान मिलेर सहकारी क्षेत्रको प्रबर्द्धनमा काम गर्नु पर्ने बताउनुभयो । त्यस्तै बैंकका सल्लाहकार राधा घलेले सरकारले गरिवी निवारण तथा आर्थिक समृद्धिको बाटोमा अगाडि बढ्न आवश्यक रहेको बताउनुभयो । सबै खाले विकास सहकारीको माध्यमबाट नै सम्भव भएको आफुले देखेको बताउदै उहाँले सहकारी बैंकले त्यस सम्बन्धमा समेत आफ्नो कार्य योजनाका साथ काम गर्नु पर्नेमा जोड दिनुभयो । बैंकका अध्यक्ष के.बी उप्रेतीको अध्यक्षतामा भएको साधारण सभामा बैंकका सल्लाहकारहरु दीपक प्रसाद बास्कोटा, धर्मदत्त देवकोटा, नेपाल राष्ट्र बैंकका उप-निर्देशक डा. रमेश चौलागाई, बागमती प्रदेश सहकारी विभागका रजिष्ट्रार नारायण ज्ञवाली, सहकारी अभियान्ता यज्ञराज ढुङ्गेल लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो । साधारणसभामा बैंकका अध्यक्ष के.बी उप्रेतीले संञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । उहाले सहकारी क्षेत्रलाई व्यवसायिक रूपमा सक्षम बनाउन तथा सहकारीको संस्थागत विकासका लागि सहकारी बैंकले वित्तीय व्यवस्थापन, सहकारी स्तरीकरण लगायतका कार्यक्रम अगाडि बढाएको जानकारी दिनुभयो । बैंकले आफ्ना सदस्य सहकारी संघ संस्थासंगै समग्र सहकारी अभियानलाई सदस्य केन्द्रीत व्यवसायतर्फ अग्रसर गराउनुका साथै सहकारीको साख निर्माणका लागि समन्वयकारी भूमिका निर्वाह गर्दै आएको बैंकसंग सहकार्य गरेर अगाडि बढ्न सबै सहकारीहरुलाई अध्यक्ष उप्रेतीले आव्हान गर्नु भयो । कार्यक्रममा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन संयोजक लक्ष्मी प्रसाद उप्रेती, विनियम संशोधन प्रस्ताव संञ्चालक ध्रुव नारायाण यादव, कार्यविधि संशोधन प्रस्ताव तथा बैङ्कको केन्द्रीय कार्यालयको लागि भवन निर्माण सम्बन्धी प्रस्ताव सञ्चालक तथा नीतिनियम निर्माण उप-समितिका संयोजक रामहरि बजगाईले प्रस्तुत गर्नु भएको थियो । बैंकका के.बी.उप्रेतीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन बैंकका सञ्चालक तथा बागमती प्रदेशका संयोजक ज्ञान बहादुर तामाङ्ग र स्वागत बैंकका सञ्चालक तथा पार्वती थापा मगरले गर्नु भएको थियो साधारणसभामा प्रस्तुत गरिएको सबै प्रतिवेदनहरु बन्दसत्रले सर्वसम्मत पारित गरेको छ । साधारणसभामा विभिन्न विधामा पुरस्कृत तथा सम्मानितहरुको घोषणा गर्नुका साथै बागमती प्रदेशबाट सम्मानित पुरस्कृतहरुलाई सम्मान तथा पुरस्कृत गरिएको थियो ।

# एकाई २

## जनकपुरधाममा सहकारी बैंकको साधारणसभा

## जनताको जीवनस्तर उकास्ने प्रमुख माध्यमनै सहकारी : मुख्यमन्त्री राउत

ललितपुर । प्रदेश नम्बर-२, का मुख्यमन्त्री लालबाबु राउतले ग्रामीण जनताको जीवनस्तर उकास्ने प्रमुख माध्यम नै सहकारी भएको बताउनुभएको छ ।

ग्रामीण स्तरमा रहेका जनताको आयस्तर उकास्नका साथै उनीहरुको जीवनशैली परिवर्तन गर्नमा सहकारीको मुख्य भूमिका रहेको बताउनुभयो । राष्ट्रिय सहकारी बैंक लिमिटेडको १८ औं वार्षिक साधारणसभा अन्तरगत एकाई (२) को प्रदेशस्तरीय सभाको पुस २६ गते जनकपुरधाममा उद्घाटन पछि बोल्दै मुख्यमन्त्री राउतले यस्तो बताउनु भएको हो । अर्थतन्त्रको तीन खम्बामध्ये एक सहकारी रहेको संविधानले पनि स्वीकार गरिरहेको भन्दै उहाँले स-सानो पूँजीलाई एकत्रित गरेर आमजनताले सहकारी मार्फत लाभान्वित भइरहेको बताउनुभयो । सहकारीमा प्रदेश र स्थानीय सरकारको पनि पुँजी लगानी हुनुपर्छ, उहाँले भन्नुभयो-यसरी गरिएको लगानीले अझै बढी जनता लाभान्वित हुन्छ । आफ्नो प्रदेशमा सहकारी सम्बन्धी ऐन ल्याएर सरकारले सहयोग गर्ने भन्दै मुख्यमन्त्री राउतले सहकारी विज्ञहरुसित छलफल गरेर मात्रै सहकारी सम्बन्धी ऐन ल्याउने जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाली कांग्रेसका प्रदेशसभा सदस्य एवम् राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा समन्वय उप-समिति जनकपुरका सल्लाहकार शिवचन्द्र चौधरीले सहकारीले समाजमा गर्नुपर्ने योगदान अझै गर्न नसकेको बताउँदै, उहाँले सहकारीमा अहिले बढेको विकृतिलाई हटाए मात्रै समाजिक रुपान्तरणमा सहकारीको भूमिका महत्वपूर्ण हुने बताउनु भयो ।

कार्यक्रममा उद्योग वाणिज्य संघ जनकपुरका अध्यक्ष जितेन्द्र महासेठ मुख्यमन्त्री कार्यालयका जितेन्द्र यादब लगायतले शुभकामना मन्तव्य राख्नु भएको थियो । साधारणसभामा बैंकका अध्यक्ष के.बी उप्रेतीले संञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । उहाले सहकारी क्षेत्रलाई व्यवसायिक रुपमा सक्षम बनाउन तथा सहकारीको संस्थागत विकासका लागि सहकारी बैंकले वित्तीय व्यवस्थापन, सहकारी स्तरीकरण लगायतका कार्यक्रम अगाडि बढाएको जानकारी दिनुभयो ।

कार्यक्रममा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन संयोजक लक्ष्मी प्रसाद उप्रेती, विनियम संशोधन प्रस्ताव नि-वर्तमान अध्यक्ष रमेश पोखरेल, कार्यविधि संशोधन प्रस्ताव तथा बैंकको केन्द्रीय कार्यालयको लागि भवन निर्माण सम्बन्धी प्रस्ताव सञ्चालक तथा नीतिनियम निर्माण उप-समितिका संयोजक रामहरि बजगाईले प्रस्तुत गर्नु भएको थियो ।

बैंकका के.बी.उप्रेतीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सञ्चालक ध्रुव नारायण यादबले र स्वागत बैंकका सञ्चालक तथा २ नम्बर प्रदेशका संयोजक विश्वनाथ मण्डलले गर्नु भएको थियो । साधारणसभामा प्रस्तुत गरिएको सबै प्रतिवेदनहरु बन्दसत्रले सर्वसम्मत पारित भएको बैंकका प्रबन्धक मोहन बहादुर कार्कीले जानकारी दिनुभयो ।

साधारणसभामा विभिन्न विधामा पुरस्कृत तथा सम्मानितहरुको घोषणा गर्नुका साथै प्रदेश नं. २ बाट सम्मानित पुरस्कृतहरुलाई सम्मान तथा पुरस्कृत गरिएको थियो ।

# एकाई १

## बिराटनगरमा सहकारी बैंकको साधारणसभा

## सहकारीमैत्री कानुन बनाउन सक्दो सहयोग गर्छु : सभामुख भण्डारी

ललितपुर प्रदेश नम्बर-१, का सभामुख प्रदिप कुमार भण्डारीले सहकारीमैत्री कानुन बनाउन आफुले सक्दो सहयोग गर्ने बताउनु भएको छ । प्रदेश नम्बर-१, मा सहकारी नीति तथा कानुनको अभाव हुँदा लक्ष्य अनुसार सहकारीको विकास र प्रवर्द्धन हुननसकेको भन्दै आफुले प्रदेशमा सहकारीमैत्री कानुन निर्माणमा प्रमुख भूमिका खेल्ने बताउनुभयो ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १८ औं वार्षिक साधारणसभा अन्तरगत एकाई (१) को प्रदेशस्तरीय सभाको पुस २८ गते विरटनगरको मोरङ्गमा उद्घाटन पछि बोल्दै सभामुख भण्डारीले यस्तो बताउनु भएको हो । अर्थतन्त्रको तीन खम्बामध्ये एक सहकारी उल्लेख गर्दै भण्डारीले जनताको स-सानो पूँजीलाई एकत्रित गरेर आमजनताले सहकारी मार्फत लाभान्वित भइरहेको हुँदा प्रदेश तथा संघीय कानुनको अभावमा सहकारीको विकास र प्रवर्धनको अभावमा पछि परेको भए आफुले त्यस्ता कानुनहरु निर्माणमा सहयोग हुने बताउनु भएको हो ।

साधारणसभामा बैंकका अध्यक्ष के.बी उप्रेतीले संञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । उहाँले सहकारी क्षेत्रलाई व्यवसायिक रुपमा सक्षम बनाउन तथा सहकारीको संस्थागत विकासका लागि सहकारी बैंकले वित्तीय व्यवस्थापन, सहकारी स्तरीकरण लगायतका कार्यक्रम अगाडि बढाएको जानकारी दिनुभयो ।

बैंकले आफ्ना सदस्य सहकारी संघ संस्थासंगै समग्र सहकारी अभियानलाई सदस्य केन्द्रीत व्यवसायतर्फ अग्रसर गराउनुका साथै सहकारीको साख निर्माणका लागि समन्वयकारी भूमिका निर्वाह गर्दै आएको बैंकसंग सहकार्य गरेर अगाडि बढ्न सबै सहकारीहरुलाई अध्यक्ष उप्रेतीले आव्हान गर्नु भयो ।


कार्यक्रममा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन संयोजक लक्ष्मी प्रसाद उप्रेती, विनियम संशोधन प्रस्ताव सञ्चालक विश्वनाथ मण्डल, कार्यविधि संशोधन प्रस्ताव तथा बैंकको केन्द्रीय कार्यालयको लागि भवन निर्माण सम्बन्धी प्रस्ताव सञ्चालक ध्रुव नारायण यादवले र नियमन तथा निर्देशन प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले प्रस्तुत गर्नु भएको थियो ।

साधारण सभाको संचालन सञ्चालक सरिता भट्टराईले र स्वागत बैंकका सञ्चालक महेन्द्र कुमार गिरीले गर्नु भएको थियो । साधारणसभामा प्रस्तुत गरिएको सबै प्रतिवेदनहरु बन्दसत्रले सर्वसम्मत पारित भएको बैंकका प्रबन्धक भरत चिमरियाले जानकारी दिनुभयो ।

साधारणसभामा विभिन्न विधामा पुरस्कृत तथा सम्मानितहरुको घोषणा गर्नुका साथै प्रदेश नं. १ बाट सम्मानित पुरस्कृतहरुलाई सम्मान तथा पुरस्कृत गरिएको थियो ।

# ……… राष्ट्रिय सहकारी बैंकका सदस्यको खातामा १५ प्रतिशत लाभांश

बैंकले यस पटकको साधारणसभा भौतिक उपस्थितिका विच एकाईगत रुपमा ७ वटै प्रदेशमा गरेको थियो । एकाई प्रतिनिधिहरुको साधारणसभा ३० गते सम्पन्न भएको र ३० गतेनै देशभरका सहकारीहरुको खातामा लाभांशको रकम पठाइएको हो । बैंकले गत आर्थिक वर्ष ०७७/०७८ मा रु ३९ करोड ९५ लाख रुपैया लाभांश वितरण गरेको छ, सहकारी बैंकले विगत ४ वर्ष देखि लगातार १५ प्रतिशत लाभांश प्रदान गर्दै आएको छ । बैंकले वितरण गरेको यो लाभांशमा संरक्षित पूँजी फिर्ता कोषबाट प्राप्त गर्ने रकम समावेश नगरिएको बैंकले जनाएको छ, बैंकले एक विज्ञप्ती प्रकाशित गरी बैंकसंग कारोबार गर्ने सम्पूर्ण सदस्य संघ/संस्थाहरुलाई धन्यवाद ज्ञापन गरेको छ ।


सहकारी संघ संस्थाहरुको प्रवर्द्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

मिति २०७८ पौष ३०

प्रेस विज्ञप्ति

राष्ट्रिय सहकारी बैंक लिमिटेड आफ्नो सदस्य सहकारी संघ संस्थाहरुलाई आर्थिक वर्ष २०७७/०७८ को लागि १५ प्रतिशत लाभाशं प्रदान गरेको छ। बैंकको १८ औं वार्षिक साधारण सभा अन्तर्गत पुष १६ गते देखी २८ गते सम्मको एकाई बैठकहरु र पुष ३० गते बसेको एकाई प्रतिनिधिहरुको सभाले सर्वसम्मतिबाट यो निर्णय पारित गरेको सम्पुर्ण सदस्य सहकारी संघ/संस्थाहरुलाई जानकारी गराउँदछौं । बैंकले सदस्यहरुको निक्षेप सुरक्षित गर्ने, सुरक्षितकर्जा लगानी गर्ने कार्यको साथै सदस्यहरुको शेयर लगानीमा उच्च प्रतिफल दिँदै आएको छ।

आर्थिक वर्ष २०७७/०७८ को लागि छुट्टाईएको १५ प्रतिशत लाभाश वापत सदस्य संघ/संस्थाहरुले पाउने रकम सम्वन्धित संघ/संस्थाहरुको बचत खातामा जम्मा गरिएको छ, भने सदस्यहरुबाट आर्थिक वर्ष २०७७/०७८ मा भएको कारोबारको आधारमा संरक्षित पूँजी फिर्ता कोषबाट वितरण गर्ने गरी १७ करोड भन्दा बढी रकम छुट्टाईएको छ। साधारण सभाको निर्णय अनुसार सदस्य संघ/संस्थाहरुले प्राप्त गरेको लाभांश रकम संघ संस्थाहरुको खातामा जम्मा भएको जानकारी गराउदै सदस्य संघ संस्थाले आ-आफ्नो खातामा रकम जम्मा भए/नभएको यकिन गर्नुहुन र आवश्यक परेमा बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहुन सबै सदस्य सहकारी संघ संस्थाहरुमा अनुरोध छ।

बैंकले आर्थिक वर्ष २०७७/०७८ को लाभांश १५ प्रतिशतको दरले वितरण गर्दा यसबाट १३,७१२ सदस्य सहकारी संघ/संस्थाहरु लाभान्वित भएका छन्। बैंकले अघिल्लो चार आर्थिक वर्ष देखी निरन्तर १५ प्रतिशतको दरले आफ्नो सदस्य सहकारी संघ/संस्थाहरुलाई लाभांश वितरण गर्दै आएको छ। बैंकको शेयर लाभांश रकम प्राप्त गर्ने सहकारी संघ/संस्थाहरुमध्ये सबै भन्दा बढि लाभांश पाउने एउटै सदस्य संस्थाले रु १ करोड २० लाख प्राप्त गर्न सकेको छ।

बैंकको शेयर सदस्य भई नियमित कारोबार गर्ने र १५ प्रतिशत लाभांश रकम पाउने सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनहरुमा समेत बैंकसंग गरिने कारोबारमा वृद्धि गरी थप लाभान्वित हुन सम्पुर्ण सहकारी संघ/संस्थाहरुमा हार्दिक अनुरोध गर्दछौ।

धन्यवाद। जय सहकारी !!!

राजेश श्रेष्ठ
सुचना अधिकारी

'हाम्रो लक्ष्य: सम्पूर्ण सहकारीको दिगो भविष्य'

बैंकले छिट्टै नै सदस्यहरुलाई संरक्षित पूँजी फिर्ता कोषको रकम पनि सदस्यको खातामा पठाउने तयारी गरेको छ, बैंकले लाभांश बाहेक कारोबारका आधारमा संरक्षित पूंजीफिर्ता कोषबाट पनि सदस्य सहकारीहरुलाई रकम उपलब्ध गराउदै आएको छ । संरक्षित पूँजी फिर्ता कोषको रकम कारोबारको आधारमा दिइने र उक्त रकम केही समय पछि प्रदान गरिने बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले बताउनुभयो ।


National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता
Internet Banking को सुविधा
रु १५०० मा बैंकको सदस्यता
SMS Banking को सुविधा
• वार्षिक शुल्क नलाग्ने
• सहज प्रक्रिया
• Online मार्फत सदस्यता लिन सकिने
थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस
Web: www.ncbl.coop Email: ncbl@ncbl.coop
NEDAC
ACCU
coop
टोल फ्री नं १६६००१०२९९९